उच्च अदालत तुलसीपुर,नेपालगन्ज इजलास

<u>संयुक्त वाणिज्य इजलास</u>

माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

माननीय न्यायाधीश श्री पूनम सिंह चन्द

<u>आदेश</u>

दायरी नम्बरः-०८२-CB-०००१

रजिष्ट्रेशन नम्बरः-१३-०८२-०००५१

मुद्दाः-<u>बैकिङ्ग कसूर</u>

कर्णाली डेभलपमेन्ट बैक लि.को लागी नेपाल राष्ट्र बैंकबाट गठित व्यवस्थापन समितका तर्फबाट अख्तियार प्राप्त समुह उप-निर्देशक जुगल किशोर कुशवाहाको जाहेरीले नेपाल सरकार---------------------वादी

<u>विरुद्ध</u>

राजेन्द्र वीर राय समेत---प्रतिवादी

१. यसमा अभियोगपत्र साथ उपस्थित गराईएका प्रतिबादीहरु राजेन्द्र वीर राय, वेद प्रकाश सिंह ठकुरी पशुपति दयाल मिश्र र भुवन बस्नेतको बयान कार्य सम्पन्न भई आज थुनछेकका लागि पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय नेपालगन्जका विद्वान सह न्यायाधिवक्ता श्री यदुनाथ शर्मा, विद्वान उप न्यायाधिवक्ताद्वय श्री कर्ण वहादुर बुढाक्षेत्री, श्री खुमबहादुर कुवर, सहायक न्यायाधिवक्ता श्री शिवराज पौडेल तथा जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतम र जाहेरवाला नेपाल राष्ट्र बैंकको उपनिर्देशक विद्वान अधिवक्ता श्री जुगल किशोर यादव समेतले कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका तत्कालिन संचालक तथा कार्यकारी अधिकृत प्रतिवादीहरु राजेन्द्र बिर राय र पशुपति दयाल मिश्र लगायत लेखा अधिकृत बेद प्रकाश सिंह ठकुरी समेतको संलग्नतामा कर्णाली डेभलपमेन्ट लिमिटेड बैंकको रकम अन्य बैंकबाट नगदै ल्याई बैंकमा दाखिला नगरेको, General Ledger मा अन्य बैंकमा जम्मा गर्न पठाएकोमा सो बैंकमा दाखिला नगरेको, अन्तर शाखा कारोबारमा अनियमितता गरेको, रेमिट कारोवार तथा Gold Loan मा अपचलन गरेको, नक्कली ऋणी खडा गरी ऋण लगानी गरेको, हकप्रद शेयरको कारोवार गर्दासमेत बैंकको रकम अपचलन गरेको देखिन्छ भने प्रतिवादी भुवन बस्नेतले नेपाल राष्ट्र बैंकबाट

मिति २०७५।०१।२७ देखि मिति २०७५।०२।०२ सम्म कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडमा गरेको अनुगमन निरिक्षणको सुपरभाईजरको जिम्मा दिई खटाएकोमा निजले निरिक्षण गरे बापत कर्णाली डेभलपमेन्ट बैंकबाट गैरकानूनी रुपले नगद रु.१०,८९,२५०/- रुपैयाँ निजको खातामा जम्मा गरेको देखिएको र आईफोन सेभेन उपहार समेत लिई गैर कानूनी कार्य गरेको देखिन्छ।प्रतिवादीहरू पशुपति दयाल मिश्र समेतले बैंकको नगद रु.३,२०,११,५४,१५७.३०/- (तीन अर्ब बीस करोड एघार लाख चौवन्न हजार एक सय सन्ताउन्न रुपैयाँ तीस पैसा) रकम अपचलन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएको देखिन्छ। प्रतिवादी मध्येका राजेन्द्र बिर रायले अदालतमा समेत आफु कसुरमा सावित रही अन्य प्रतिवादीहरुलाई पोल गरेको बयान, प्रतिवादीहरु उपरको जाहेरी दरखास्त, मौकामा बुझिएका बिकास बि.क. समतेका मानिसहरुले गरेको घटनाबिबरण कागज लगायत प्रतिवादीहरु उपरको अभियोग दावी समेतका तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादीहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागी थुना राखिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

२. प्रतिवादी राजेन्द्र बिर रायको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्तात्रय श्री डा.रेशमराज रेग्मी, श्री भोलासिंह हमाल, र श्री भीमसेन बन्जारा तथा विद्वान अधिवक्ता डा.श्री अवतार न्यौपाने र श्री शक्ति सिंह हमालले प्रतिवादी राजेन्द्र बिर राय कर्णाली डेभलपमेन्ट बैंकको संस्थापक अध्यक्ष रहेको र तत्पश्चात कार्यकारी अधिकृत रहेको अवस्थामा नेपाल राष्ट्रको परिपत्र बमोजिम कर्णाली डेभलपमेन्ट बैंकको चुक्ता पुंजी बृद्धि गरी पचास करोड पुऱ्याउने सम्बन्धमा पछि हिसाब मिलान गर्नेगरी Call in advance को खाता खोली रकम राखे गरी संचालक समितिको सामुहिक निर्णय अनुसार हकप्रद शेयरमा लगानी गरेको हो। उक्त कार्य निज प्रतिवादी राजेन्द्र बिर रायले एक्लैले गरेको नभई संचालक समितिका अध्यक्ष पशुपति दयाल मिश्र समेतले गरेको नीतिगत निर्णयलाई पालना गरेकोसम्म हो। निजले अपचलन गरेको भनिएको कर्जा लगानी गरेको रकम बैंक स्टाफलाई गाडी कर्जा, सुन कर्जा, साढुभाई सागर थापा तथा साली ईन्द्रकली गुरुङ्गलाई प्रदान गरेको कर्जा सेटल भैसकेको छ। प्रतिवादी राजेन्द्र बिर रायले प्रभु बैंक, हिमालयन बैंक, सानिमा बैंक समेतका विभिन्न वित्तिय संस्थाबाट कर्जा लिई व्यवसाय संचालन गरी आर्जन गरेको सम्पत्तिलाई कर्णाली डेभलपमेन्ट बैंकको रकम अपचलन गरी खरिद गरेको भन्न मिल्दैन।प्रतिवादी राजेन्द्र बिर राय उपरको रु.२,६३,३२,१६,५९७/- (दुई अर्ब तिरसठ्ठी करोड बत्तिस लाख सोह हजार पाँच सय सन्तानब्बे रुपैया) रकम अपचलन गरेको भन्ने अभियोग दावी स्वतन्त्र र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको

देखिदैन। अभियोग दावी अस्पष्ट तथा अपुरो रही प्रतिव्यक्ति प्रमाणबाट पुष्टि हुन सकेको पाइदैन। प्रस्तुत कसूर नेपाल राष्ट्र बैंक ऐन २०५८ तथा बैंक तथा बित्तिय संस्था ऐन २०७३ को अन्तरगतको रहेकोमा बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४ अन्तरगत अभियोगपत्र दायर गरेको मिलेको छैन। त्यसैले प्रतिवादीले अनुसन्धान तथा अदालतमा कसुरलाई स्वीकार गरी न्यायीक प्रकृयालाई सहयोग गरेको, प्रतिवादीको उमेर, स्वास्थ्य अवस्था समेतलाई बिचार गरी प्रतिवादी राजेन्द्र बिर रायलाई मुद्दा पुर्पक्षका लागि मुलुकी अपराध संहिता २०७४ को दफा ६७ बमोजिम थुनामा राख्नु पर्ने अवस्थाको विधमानता नदेखिदा प्रतिवादीबाट सोही संहिताको दफा ६८ र ७२ बमोजिम न्युनतम धरौट माग गरी मुद्दा पुर्पक्षको लागि तारेखमा राख्ने आदेश हुनु पर्दछ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

३. प्रतिवादी पशुपति दयाल मिश्रको तर्फबाट उपस्थित बिद्वान वरिष्ठ अधिवक्ताद्वय श्री गान्धि पण्डित र लोकबहादुर शाह तथा बिद्वान अधिवक्ताहरु श्री राजुमान सिंह मल्ल, श्री बासुदेव ज्ञवाली, श्री प्रहलाद बहादुर कार्की, श्री पवन कुमार गुप्ता, श्री पदम पाण्डेय, श्री बिश्वजित तिवारी, टिकाराम जैसी, सतिष खड्का समेतले प्रतिवादी पशुपति दयाल मिश्र कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको संस्थापक सदस्य रहि २०६८ सालदेखि मिति २०७५।०९।१९ सम्म बैंकको संचालक समितिको अध्यक्ष भई कार्य गर्दै आउनु भएको थियो। निजले नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशिका लगायत बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा २२ ले तोकेको संचालक समितिको काम कर्तव्य र अधिकार अन्तरगत रही नितिगत निर्णय गर्ने र नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशनहरुको पालना गर्ने गराउने लगायतको कार्य संचालकको हैसियतले कार्य गर्दै आएको हो। बैंकको ब्यबस्थापन लगायत कर्मचारीको ब्यवस्था गर्ने, बित्तिय सुशासन काम गर्ने, संस्थाको जोखिम न्युनिकरण गर्ने जिम्मेवारी कार्यकारी अधिकृत र ब्यवस्थापन को हो। यी प्रतिवादीले मुख्य रुपमा सामुहिक दायित्व ब्यक्तिगत लाभ लिइ अनधिकृत कर्जा प्रवाह गरी एवं हकप्रद शेयर बृद्धि गर्दा बैंकको रू ८२,४६,२९,०००/-(बयासी करोड छयालिस लाख उनान्तीस हजार रुपैया) अपचलन गरेको भन्ने दावी लिएको देखिन्छ। प्रतिवादी पशुपति दयालले ब्यक्तिगत लाभ लिएको भन्ने तथ्य स्वतन्त्र र बिश्वसनिय प्रमाणहरुबाट पुष्टि गर्न सकेको पाइदैन भने निजको एकल निर्णयबाट ऋण कर्जा प्रवाह गरेको भन्ने आरोप निराधार रहेको देखिन्छ। बैंकबाट कर्जा प्रवाह गर्दा बिना धितो ऋण प्रवाह हुदैन र ऋण प्रवाह गर्दा ऋणीले आवेदन दिई कानुन बमोजिमको प्रकृया पुरा गरेपछि मात्र अन्तिम निर्णयका लागि संचालक समिति समक्ष पेश गर्ने र संचालक समितीको सामुहिक निर्णयबाट

मात्र ऋण प्रवाह गरिन्छ। प्रतिवादीको छुट्टि भिन्न भएको छोरा रामकरण मिश्र तथा भतिजा नाताको मोहनलाल मिश्रले लिएको कर्जाको दायित्व यी प्रतिवादीले वहन गर्नुपर्ने होईन उक्त कर्जा ऋणीहरुले चुक्ता गरिसकेको छ। अभियोग दावीमा बैंकको कति रकम को कसले हिनामिना गरेको छ भन्ने एकिन नगरी गोश्वारा रूपमा नगरी बिगो कायम गरिएको देखिन्छ। यी प्रतिवादी प्रतिष्ठित व्यवसायी, समाजसेवी तथा राजनैतिक व्यक्तित्व रहेको र निजले बैंकको रकम कुनै पनि शिर्षकमा अपचलन नगरेको हुँदा प्रतिवादीले अनुसन्धान तथा अदालतमा आरोपित कसुरमा ईन्कार रही गरेको बयान प्रतिवादीको उमेर स्वास्थ्य अवस्था समेतका तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादी पशुपति दयाल मिश्रलाई मुद्दा पुर्पक्षका लागि मुलुकी अपराध संहिता २०७४ को दफा ६७ बमोजिम थुनामा राख्नु पर्ने अवस्थाको विद्यमानता नदेखिदा सोही संहिताको दफा ६८ र ७२ बमोजिम न्युनतम धरौट माग गरी मुद्दा पुर्पक्षको लागि तारेखमा राख्ने आदेश हुनुपर्दछ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

४. प्रतिवादी बेदप्रकाश सिंह ठकुरीको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री भोलासिंह हमाल तथा विद्वान अधिवक्ताहरु श्री ईश्वरी ज्ञवाली, श्री चित्र बहादुर शाहीले प्रतिवादी वेदप्रकाश सिंह ठकुरी कर्णाली डेभलपमेन्ट बैंकमा २०६६ सालदेखि जुनियर सहायक पद हुदै मिति २०७६।०१।०५ मा बरिष्ठ लेखा अधिकृत पदमा रही बैंकको संचालक समिति तथा कार्यकारी अधिकृतले दिएको निर्देशन पालना गर्नुको साथै आफ्नो पदिय जिम्मेवारी निर्वाह गर्दै आएका हुन। निज उपर रु.२४,६३,९९,०००/-(चौबिस करोड तीरसठ्ठी लाख उनान्सय हजार रूपैया) रकम अपचलन गरेको भन्ने अभियोग दावी रहेको देखिन्छ। बैंकले कर्मचारीको बिमा सुविधा दिएको तथा TDS तिरेर लिएको बैठक भत्ता समेतको रकमलाई बिगो कायम गर्न मिल्दैन। बैंकको नीतिगत निर्णय गर्ने तथा कार्यान्वयन गर्ने अधिकार संचालक समिति तथा कार्यकारी अधिकृतको हुने भएकोले बैंकको रकम अपचलन गर्ने कार्यमा निज प्रतिवादीको कुनै भुमिका रहेको छैन भने त्यसतो कार्यमा निजको पहुँच तथा नियन्त्रण हुने अवस्था रहदैन। अभियोग मागदावीमा बास्तविक बिगो के कति हो भन्ने स्पष्ट दावि नगरी गोश्वारा रुपमा बिगो कायम गरेको अभियोग लगाईएको देखिन्छ। अभियोग लाग्दैमा कसुरदार कायम हुन सक्दैन। प्रतिब्यक्ति प्रमाणको मुल्याङ्कन गरी अभियोग लगाइएको अवस्था छैन। यी प्रतिवादीले बैंकबाट रकम लिई अपचलन गरेको र शेयर खरिद बिक्रिमा निजको संलग्नता रहेको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्ट भएको छैन। प्रतिवादीले अनुसन्धान तथा अदालतमा गरेको ईन्कारी बयान लगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादी बेदप्रकाश सिंह ठकुरीलाई मुद्दा पुर्पक्षका लागि मुलुकी अपराध संहिता २०७४ को दफा ६७ बमोजिम थुनामा राख्नु पर्ने अवस्थाको

विद्यमानता नदेखिदा सोही संहिताको दफा ६८ र ७२ बमोजिम न्युनतम धरौट माग गरी मुद्दा पुर्पक्षको लागि तारेखमा राख्ने आदेश होस भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

५. प्रतिवादी भुवन बस्नेतको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री डा.रेशमराज रेग्मी , विद्वान अधिवक्ता श्री प्रलहाद बहादुर कार्की तथा विदुषी अधिवक्ता श्री सरस्वती शर्माले प्रतिवादी भुवन वस्नेत नेपाल राष्ट्र बैंकको पुर्व कर्मचारी हुन निजले नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ८२ (१) तथा नेपाल राष्ट्र बैंक सुपरिवेक्षण बिनियमावली २०७४ बमोजिम बैंकको अनुगमन निरिक्षणको लागी सुपरिवेक्षकको जिम्मा दिएकोमा सोही बमोजिमको जिम्मेवारी निर्वाह गरेको हो। निजले बैंकको कुनै रकम अपचलन गरेको छैन। प्रतिवादी भुवन बस्नेतलाई रु.१०,८९,२५०/-(दश लाख उनान्नब्बे हजार दुई सय पचास रूपैया) रकम बैंकको तर्फबाट निजको खातामा जम्मा हुन गएको भनि बिगो कायम गरिएकोमा उक्त रकम प्रतिवादीको पत्नी कविता बस्नेतको नाममा दर्ता रहेको सेन्ट्रो गाडी बैंकलाई बिक्रिगरी बैंकको HR प्रमुख हरिहर श्रेष्ठको नाममा नामसारी भएवापतको रकम र केही रकम कर्णाली डेभलपमेन्ट बैंकका कर्मचारीहरुलाई विभिन्न विषयमा प्रशिक्षण गरेवापतको कर कट्टि गरी भुक्तानी गरेको रकम हो । प्रतिवादी उपरको दावी पुष्टि हुने बस्तुनिष्ठ प्रमाणको अभाव रहेको, निजले अनुसन्धानको क्रममा र अदालतमा आरोपित कसुरमा ईन्कार रही बयान गरेको र मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादी भुवन बस्नेतलाई मुद्दा पुर्पक्षका लागि मुलुकी अपराध संहिता २०७४ को दफा ६७ बमोजिम थुनामा राख्नु पर्ने अवस्थाको विद्यमानता नदेखिदा सोही संहिताको दफा ६८ र ७२ बमोजिम न्युनतम धरौट माग गरी मुद्दा पुर्पक्षको लागि तारेखमा राख्ने आदेश होस भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

६. थुनछेक आदेश तर्फ विचार गर्दा, कर्णाली डेभलपमेण्ट बैंक लि.को विभिन्न बैंक स्थित खाताबाट नगद झिकिएको तर संस्थाको बैंकिङ्ग प्रणालीमा प्रविष्ट नगरी नगद अन्यत्रै लगिएको संस्थाको अन्य बैंकमा रहेका खातामा नगद जम्मा गर्न पठाएको तर सम्बन्धित बैंकमा जम्मा नभएको, पदाधिकारी एवं कर्मचारीले खातामा मौज्दात प्रयाप्त नभएता पनि नगद काउण्टरबाट भुक्तानी पूर्जा र चेक मार्फत नगदै रकम लिने दिने गरेको, केन्द्रिय कार्यालय तथा शाखामा कार्यालयहरुको बिचमा हुने अन्तरशाखा कारोबारको सिलसिलामा शाखा कार्यालयबाट नगद फण्ड ट्रान्सफर गर्ने गरेको, केन्द्रिय कार्यालय मार्फत सो फण्ड कर्णाली डेभलपमेणण्ट बैंकको अन्य बैंक स्थित खाताहरुमा दाखिला गर्न पठाएको संस्थाको कागजात हिसाबबाट देखिएतापनि सम्बन्धित बैंकमा सो फण्ड रकम दाखिला भएको नदेखिएको, हकप्रद शेयर जारी गरी संस्थापक शेयरधनीको नाममा रकम जम्मा गर्ने

प्रयोजनको लागी कल ईन एडभान्स(Call in Advance)हिसाब नामको खाता खोली रकम जम्मा गर्न सूचना जारी गरी नगद रकम जम्मा गर्ने क्रममा रकम कारोबारको पुष्टी नगरेको, जम्मा गर्नेको नाम उल्लेख नगरेको, जम्मा गर्नेको दस्तखत किर्ते गरेको, अनाधिकृत रुपमा निक्षेप स्वीकार गरेको, प्रतिक ईण्डस्ट्रिज प्रा.लि. समेतका ३२ वटा कम्पनीहरुमा कानून विपरित कर्जा प्रवाह गरेको, विभिन्न शिर्षकमा नगदै बुझीलिई सो रकम चुक्ता नगरी संस्थालाई हानी नोक्सानी पुऱ्याएको लगायतका गैहकानूनी कार्य गरी प्रतिवादीहरु राजेन्द्र वीर राय, पशुपति दयाल मिश्र, बेद प्रकाश सिंह ठकुरी, निरज बिक्रम शाह दिनेश कुमार रावत लगायतका प्रतिवादीहरुले रु. १,३३,३२,७१,२९२।६३ बिगो बराबरको रकम अपचलन गरेको भन्ने समेतको व्यहोराको जाहेरी कर्णाली डेभलेपमेण्ट बैंक लि.को लागी नेपाल राष्ट्र बैंकबाट गठित व्यवस्थापन समितका तर्फबाट अख्तियार प्राप्त समुह उप-निर्देशक जुगल किशोर कुशवाहाबाट पर्न आएको देखिन्छ । सो जाहेरी पश्चात नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्यूरोबाट भएको अनुसन्धान कार्यबाट निम्न शिर्षक अन्तरगत निम्नानुसारको शीर्षकमा जम्मा बिगो रु.३,२०,११,५४,१५७.३०।-(अक्षरुपी तीन अर्ब बीस करोड एघार लाख चौवन्न हजार एक सय सन्ताउन्न रुपैया तीस पैसा)बराबरको रकम अपचलन भएको भन्ने अनुसन्धानबाट खुल्न आएको देखिन्छ।

सि.न.	विवरण	रकमरु.
१	अन्य बैंकबाट नगद ल्याई बैंकमा दाखिला नगरी भएकोनगद अपचलन	१,११,११,६३,०००.००
२	General Ledger (GL) माऽन्त बैंकमा जम्मा गर्न पठाएको तर बैंकमा दाखिला नगरेको	१५,३०,००,०००,००
३	अन्तर शाखाकारोबारमा भएको अपचलन	१०,०५०,५४१,४०
४	रेमिट कारोबारको क्रममा भएको अपचलन	१,७८. ५५,५८३.९७
५	Gold Loan दिएको देखाई भएको अपचलन	४,४३,५०,००,००
६	तलब बृद्धि गर्दा भएको अपचलन	८,९७,३८७.३२
७	जिवन बीमाको नाममा भएको अपचलन	१,९६,४२,८७९,००
८	Advance to Other Work शिर्षकमा भएको अपचलन	५१,३०,८३२,३१
९	हकपद शेयर लिनको लागी भएको अपचलन	५,८४,७५,०००,००
१०	Advertising and Promotion नाममा भएको अपचलन	१८,००,०००,००
११	गैर कानूनी रुपमा बचत संकलन गरीभएको अपचलन	१४,५७,१८,९६२.३०
१२	ऋण दिई वा पुन: ऋण खडा गरी गराई भएको अपचलन	१,७९,५०,३४,९७१,००
१३	कर्मचारी सवारी कर्जा मार्फत भएको अपचलन	७६,५०,०००,००
	जम्मा	३,२०,११,५४,१५७.३०

- आज वहसको क्रममा सरकारी बकीलबाट पेस भएको कर्णाली डेभलपमेण्ट बैंकबाट प्राप्त विवरण अनुसार उक्त बैंकमा व्यक्तिगत निक्षेपकर्ता ९५,३८१ जनाबाट जम्मा रू. ३,४४,५८,९६७.८१।–(तीन करोड चवालिस लाख अन्ठाउन्न हजार नौ सय सरसठ्ठी रूपैया एकासी पैसा) रूपैया र ६,००२ संस्थागत निक्षेतकर्ताहरूवाट जम्मा रू ८९,२०,५३,७८५.२७।- (उनान्नब्बे करोड बीस लाख त्रीपन्न हजार सात सय पचासी रूपैया सत्ताइस पैसा। गरी जम्मा ४,३३,४६,१२,७५३(चार अर्व तेत्तिस करोड छयालिस लाख बाह हजार सात सय त्रिपन्न)रूपैया निक्षेप गरेकोमा हाल जम्मा २,१७,५३,८२० (दुई करोड सत्र लाख त्रीपन्न हजार आठ सय विस रूपैया। मात्र निक्षेप संचित रहेको देखिन्छ।

७. प्रतिवादी राजेन्द्र बीर राय उपरको अभियोग दावी:

प्रतिवादी राजेन्द्र बीर रायले सुनौलो इन्भेष्टमेन्ट मार्फत रु ७,५३,२१,१००।०० नगदै लिइ हिनामिना गरेको, निजले हकप्रद शेयर प्राप्त गर्न रु ६,३३,४०,४००।००रआफ्नो स्वयंको खातामा रकम राखी/राख्न लगाई रु ६,७६,६२,१२६।००व्यक्तिगत रुपमा अपचलन गरेको देखिन्छ । साथै निजले कार्यकारी अधिकृत हुँदा रु ८१,२८,६३,०००।००, सञ्चालक समितिमा अध्यक्ष रहँदा रु २७,६८,००,०००।००र निज समेतले हस्ताक्षर गरेको चेक मार्फत रु ६,५९,४६,०००।०० रकम समेत गरेर रु १,०६,४६,६३,०००।०० नगदै अपचलन गरेको देखिन्छ । निजको मिलेमतोमा सुन कर्जा शिर्षकमा समेत रु ४,४३,५०,०००।०० अपचलन गरेको देखिन्छ । निजले कार्यकारी अधिकृत हुँदा कर्मचारीहरुलाई रु २५,००,०००।०० सम्मको सवारी कर्जा उपलब्ध गराउन सकिने भनि भएको व्यवस्थाको विपरीत गई निजको साली नाता पर्ने कर्णाली डेभलपमेन्ट बैंकको कर्मचारी इन्द्रकली गुरुङको नाममा ४६,५०,०००।०० र निजको साढु भाई सागर थापाको नाममा ३०,००,०००।००कर्जा उपलब्ध गराई निक्षेप रकम हिनामिना गरेको देखिन्छ । निज कार्यकारी अधिकृत रहँदा निजको नजिक रहेर कार्य गर्ने व्यक्तिहरु सञ्चालक रहेका कम्पनिहरुलाई रु ७,९९,९०,०००।००रकम कर्जा प्रदान गरेको साथै निज अध्यक्ष रहँदा रु १,२३,०२,३९,९७१।०० कर्जा बापत विभिन्न कम्पनिहरुलाई प्रदान गरी निक्षेप रकम अपचलन गरेको देखिन्छ । यसबाट निज समेतको संलग्नतामा बैंकको रकम अपचलन गरी हिनामिना गरेको देखिएबाट निजले बैंकिङ्ग कसुर सजाय ऐन, २०६४ को दफा ७ को (क) (ख) (ग) (ङ) (च) (झ) (ज), दफा ८,दफा ९,दफा १२, दफा १२क.(२), दफा १४ बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादी राजेन्द्रवीर रायलाई सोही ऐनको दफा १५को उपदफा २(छ)बमोजिम सजाय हुन र सोही ऐनको दफा १५ को उपदफा

(८) बमोजिम थप सजाय हुन साथै सोही ऐनको दफा १५ को उपदफा २ बमोजिम सामुहिक र व्यक्तिगत दायित्वले हुने अपचलन भएको रकम रु. २,६३,३२,१६,५९७।– (दुई अर्ब तिरसठ्ठी करोड बत्तिस लाख सोह हजार पाँच सय सन्तानब्बे रूपैया) बिगो सम्बन्धित कर्णाली बिकास बैंकलाई भराई निज प्रतिवादी राजेन्द्र बीर रायलाई सोही बिगो बमोजिमको जरिवाना हुन अभियोग मागदाबी रहेको छ।

८. <u>प्रतिवादी राजेन्द्र बीर रायले अनुसन्धानको क्रममा गरेको बयान:</u>

कर्णाली डेभलपमेन्ट बैंक लि. को चुक्ता पुजी ५० करोड वृद्धि गर्ने भनी सञ्चालक समितिबाट निर्णय गरे पश्चात म राजेन्द्र बीर रायले अपचलन बापतको रकम बैंकको पूँजी वृद्धि गर्ने र अन्य पशुपती दयाल मिश्र, निरज बिक्रम शाह, दिनेश कुमार रावत, दिपा थापाले अन्य व्यक्तिगत काममा तथा घरजग्गाको कारोबारको लागी आवश्यक परेको बखत बैंकबाट लगी प्रयोग गर्ने, सो कुरा गोप्य राख्ने सहमती गरी रकम अपचलन गर्न सुरु गरिएको हो । अपचलन गरिएको रकमको हरहिसाब गोप्य रुपमा निरज विक्रम शाह, बेद प्रकाश सिंह ठकुरी लगायत सबैले राख्ने भन्ने सल्लाह भएको, राजेन्द्र बीर रायले ३२,००,००,०००।-(अक्षेरुपी बत्तिस करोड), पशुपती दयाल मिश्रले रु.१५,००,००,०००।- (पन्ध्र करोड), निरज विक्रम शाहले रु.१५,००,००,०००।- (पन्ध्र करोड), दिनेश कुमार रावतले रु. १५,००,००,०००।- (पन्ध्र करोड), बेद प्रकाश सिंह ठकुरीले रु. १५,००,००,०००।- (पन्ध्र करोड) र सुशिल कुमार सार्की (नेपाली) ले रु.२,००,००,०००।- (दुई करोड) गरी जम्मा कुल नगद रु.९४,००,००,०००।- (चौरानब्बे करोड) अपचलन गरेका हौं । कर्णाली डेभलपमेण्ट बैंक लि. बाट हिल्सा इन्भेष्टमेण्ट प्रा.लि.लाई प्रवाह भएको रु.१५,००,००,०००।- (पन्ध्र करोड), मध्ये मैले १२,००,००,०००।– (बाह्र करोड) चलाएको हुँ भने रु.३,००,००,०००।– (तिन करोड) कर्जा दिनेश कुमार रावत र निरज विक्रम शाहले अपचलन गरेका हुन् । राशी पोलिमर्स प्रा.लि.लाई प्रवाह भएको रु. १५,००,००,०००।– (पन्ध्र करोड) मध्ये १२ करोड म आफैंले अपचलन गरेको र ३ करोड रुपैया दिनेश कुमार रावत र निजको भिनाजु नाताको महेशजंग थापाले अपचलन गरेका हुंन् तथा बेचनलाल भुजुवाको नाममा प्रवाह भएको कर्जा रु.८०,००,०००।– (अस्सी लाख) मैले चलाएको हुँ । उक्त बाँकि केमिकल्स प्रा.लि.लाई रु.१५ करोड कर्जा प्रवाह गरेकोमा दिनेश कुमार रावतले ८ करोड र म आफैले ७ करोड अपचलन गरेको हुँ । उक्त कम्पनी १५ करोडमा तिलक बि.क. र उनका समूहलाई बिक्री गरेकोमा दिनेश कुमार रावतको मिलेमतोमा रु.११ करोड ५० लाख मात्र कर्णाली बैंकमा तिरी बाँकी रकम ३ करोड ५० लाख तिलक वि.क., दिनेश कुमार रावतले चलाएका हुन् । तत्कालिन प्रमुख कार्यकारी अधिकृत निरज बिक्रम शाह र महादेव भन्ने बेद प्रकाश सिंह ठकुरीले कर्णाली डेभलपमेण्ट

बैंक लि.को अन्य बैंकमा रहेको मौज्दात भन्दा बढी रकम उल्लेख गरी बैंकको लेजरमा लेखेका हुन् । म प्रमुख कार्यकारी अधिकृतबाट अवकाश लिए पश्चात निरज विक्रम शाहले रु.१२,००,००,०००।-(बाह्र करोड), दिनेश कुमार रावतले रु.१०,००,००,०००।-(दस करोड), महादेव भन्ने वेद प्रकाश सिंह ठकुरीले रु. ५,००,००,०००।-(पाँच करोड), ओम प्रकाश मिश्रले रु.५,००,००,०००।-(पाँच करोड), मान बहादुर चौधरीले रु. २,००,००,०००।-(२ करोड) अपचलन गरेका हुन् । कर्णाली डेभलपमेण्ट बैंक लि. को अन्य बैंकमा रहेको खाताहरुबाट रकम निकाली सो रकम बैंकमा नल्याई व्यक्तिगत रुपमा प्रयोग गर्ने र सिष्टममा सो रकम अभिलेख नगर्ने, भल्टबाट निकालिएको पैसा नगदै लिने सो बापत खातामा पैसा नभएको डमी चेकहरु दिने सो कुरा सिष्टममा अभिलेख नगर्ने, अन्य बैंक खाताहरुमा जम्मा गर्न लगिएको रकम जम्मा नगरी आफुलाई चाहिएको बखत चलाउने तर बैंकको सिष्टममा रकम जम्मा गरिएको भनी जनाउने, बैंकको हरहिसाब राख्ने काम लेखा शाखाका वेद प्रकाश सिंह ठकुरीले गर्ने गरेका थिए भनी सोको भेरिफिकेसन गर्ने काम तत्कालिक लेखा विभाग प्रमुख निरज विक्रम शाहले गर्ने गरेका थिए । अपचलन लेजर मौज्दातमा बढी रकम उल्लेख गर्ने गरिएको थियो । सहमती बमोजिम अपचलन गरिएको रकमको हिसाब राख्ने काम पनि महादेव भन्ने बेद प्रकाश सिंह ठकुरीले गर्ने गर्दथे । बैंकलाई समय समयमा चाहिने ब्यालेन्स सिट, हिसाब मिलान दिन जस्तै असार मसान्त, नेपाल राष्ट्र बैंकको निरीक्षण र लेखापरीक्षणको सिलसिलामा विभिन्न बैंकमा रहेको खाताको हिसाब मिलान भएको देखाउने काम लेखा विभागको भएको हुँदा केन्द्रीय कार्यालयका लेखा शाखाका प्रमुख महादेव भन्ने बेद प्रकाश सिंह ठकुरी र तत्कालिन लेखा विभाग प्रमुख निरज विक्रम शाहलाई जिम्मेवारी दिएको हुँदा निजहरुले अपचलन भएको रकम लाई मिलाउनको लागी अन्य बैंकमा रहेको खाताको ब्यालेन्स सिट किर्ते बनाउने गरेका थिए । तत्कालिन प्रमुख कार्यकारी अधिकृत तथा उच्च पदस्थ कर्मचारीहरुले बैंक ब्यालेन्स नभएको चेक राखी ढुकुटीबाट नगदै रकम लिने गरेको, यस बैंकको चेकबाट अन्य बैंकमा रहेको मौज्दात झिकी बैंकमा नबुझाई अन्यत्र लग्ने, खातामा Balance नभएकै अवस्थामा Cheque Clearing मार्फत रकमान्तर-चेक भुक्तानी गर्ने, Vault बाट र Counter बाट नगदै पैसा झिक्ने गरेको कुरा साँचो हो । नक्कली ऋणी खडा गरी ऋण लगानी र परियोजनामा ऋण लगानी गरेको देखाई रकम आफैले प्रयोग गर्ने कार्य म राजेन्द्र वीर राय, पशुपती दयाल मिश्र, दिनेश कुमार रावत, निरज विक्रम शाहले चलाउने गरेको हो । मेरो, पशुपती दयाल मिश्र, दिनेश कुमार रावत, ओम प्रकाश मिश्र र निरज विक्रम शाहको निर्देशनमा धितो फुकुवा गर्ने काम कर्जा विभागका कर्मचारीहरुले गर्ने गरेका थिए । कर्णाली डेभलपमेण्ट बैंक लि.को अन्य बैंकमा रहेको खाताहरुको संचालन गर्न A र B ग्रुपमा बाडी A र B ग्रुपबाट १/१ जनाको गरी दुई

जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुने गरेको थियो । म प्रमुख कार्यकारी अधिकृत भएको समयमा A ग्रुपमा म र प्रवन्धक दिपा थापा रहेका थियौं । B ग्रुपमा लेखा विभाग.प्रमुख निरज बिक्रम शाह र लेखा शाखा प्रमुख वेद प्रकाश सिंह ठकुरी रहेका थिए । म प्रमुख कार्यकारी अधिकृतबाट अवकाश लिए पश्चात खाता सञ्चालक को को रहेका थिए मलाई थाहा छैन । बैंकमा आवश्यक पर्ने रकम नगदै अन्य बैंकबाट ल्याउँदा A र B ग्रुपबाट १/१ जनाको संयुक्त दस्तखत गरी सम्बन्धित बैंकलाई पत्राचार गरी लेखा शाखा/लेखा विभागले ल्याउने गरेको थियो । भल्टको चाँबी लेखा शाखाको दुई जनाले लिने गरेका थिए । लेखा शाखा प्रमुख वेद प्रकाश सिंह ठकुरी र लेखा विभाग प्रमुख निरज विक्रम शाह वा निजले अख्तियारी गरेको व्यक्तिको जिम्मामा रहने गरेको थियो । मिसिल संलग्न रहेको अन्य बैंकबाट रकम झिक्नको लागी प्रयोग भएका चेकहरु देखाउँदा देखें उक्त चेकहरुमा भएको दस्तखत मेरो आफ्नो समेत हो । अन्य दस्तखत वेद प्रकाश सिंह ठकुरी,निरज विक्रम शाह,मान बहादुर चौधरी समेतको हो । उक्त चेकहरुबाट भुक्तानी लिएको रकम मध्ये केही रकम बैंकमा कारोबार गर्न प्रयोग गरिएको हो भने केही रकम अपचलन गरिएको हो । कर्णाली डेभलपमेण्ट मेरो नाममा समेत जीवन बिमा गरी जिबन बिमा गरेको बिमाङ् रकमको दश गुणा रकम मुद्दती खातामा जीवन बिमा कम्पनीले कर्णाली डेभलपमेण्ट बैंकमा निक्षेप राखिदिने गर्दथे । बैंकको पूँजी वृद्धि गर्ने क्रममा बैंकको रकम प्रयोग गरे पश्चात म लगायत पशुपती दयाल मिश्र, निरज विक्रम शाह, दिनेश कुमार रावत, दिपा थापा महादेव भन्ने वेद प्रकाश सिंह ठकुरीले आफुलाई आवश्यक पर्दा व्यक्तिगत रुपमा ठुलो-ठुलो रकम समेत कर्णाली बैंकको अन्य बैंकहरुको खातामा रहेको रकम चलाई खर्च गर्ने तर फिर्ता नगरी अपचलन गरेको हुँदा माथि उल्लेखित रकम रु. १,२७,२१,६३,००।-(एक अर्ब सत्ताईस करोड एक्राईस लाख त्रिसट्ठी हजार) बैंक खाताबाट अपचलन भएको हो । कर्णाली डेभलपमेण्ट बैंक लि.को बचत रकम दुरुपयोग गरे पश्चात सो दुरुपयोग भएको रकमको हिसाब देखाउन केन्द्रीय कार्यालयबाट अन्य शाखाहरुबाट रकम पठाईएको भनी देखाएको तर सो रकम अन्य शाखामा पठाईएको थिएन । रु. ५,७४,७५,०००।-(पाँच करोड चौहत्तर लाख पचहत्तर लाख) नेपाल राष्ट्र बैंकबाट चुक्ता पूँजी वृद्धी गर्नको लागी ताकेता गरे पश्चात रकम चाहिएको हुँदा कर्णाली डेभलपमेण्ट बैंकको बचत रकम दुरुपयोग गरी माथि उल्लेखित व्यक्तिहरुको नाममा शेयर बापतको रकम भनी जम्मा गरिएको हो । सानो बैंक भएको र दक्ष जनशक्तिको अभाव, सीमित श्रोतसाधन भएको कारण कर्जा प्रवाहमा कमि कमजोरी हुन गएको हो । कर्णाली डेभलपमेण्ट बैंक लि. मा सुन कर्जाको व्यवस्था रहेको थियो । माथि उल्लेखित सुन कर्जा दिएको सम्बन्धमा मलाई याद भएन । कागजातमा देखिएको हस्ताक्षर मेरो जस्तो देखिन्छ ।

तर सो सुन कर्जाको सम्बन्धमा मलाई हाल स्मरण छैन । मैले सुन कर्जा लिएको वा दिएको स्मरण छैन । म र पशुपती दयाल मिश्रले कर्णाली बैंकबाट गौमती गरुड र मोहनराम मिश्रको नाममा कर्जा लिई जग्गा प्लटिङ गरी बिक्री गरेको हो । वेचनलाल भुजुवा पशुपती दयाल मिश्रको नजिकको मा मान सरोवर अम्युजमेन्ट पार्क एण्ड रिसोर्टप्रा.लि. वास्तविक रुपमा पशुपती दयाल मिश्रको आफ्नो कम्पनी हो । निज पशुपती दयाल मिश्रले कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा लिनको लागी मात्र सन्तोष सिंहलाई प्रयोग गरी कागजी रुपमा सन्तोष सिंहको नाममा डमी कम्पनी स्थापना गरी कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा लिई निज पशुपती दयाल मिश्रले प्रयोग गरेका हुन । सो कारण मान सरोवर अम्युजमेन्ट पार्क एण्ड रिसोर्ट प्रा.लि.को नाममा हिसाब नमिलेको रु. १,४६,१९,९७१.००(एक करोड छयालिस लाख उन्नाईस हजार नौं सय एकहत्तर) बराबरको हिसाब नमिलेको रकम तिर्ने दायित्व पशुपती दयाल मिश्रको हो । म र पशुपती दयाल मिश्र मिली वेचनलाल भुजुवा जस्तै डमी व्यक्तिहरुको नाममा कर्जा स्विकृत गराई सो कर्जा म र पशुपती दयाल मिश्रले उपभोग गरी सो कर्जाबाट अन्य व्यक्तिको नाममा जग्गा खरिद गरी प्लटिङ गरी बिक्री गर्ने गरेका थियौं । निज पशुपती दयाल मिश्रले मनोजमान प्रधानको नाममा कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा स्विकृत गराई मनोजमान प्रधानको नामको कर्जा पशुपती दयाल मिश्रले चलाएका हुन् । धनलक्ष्मी अल सपिङ सेन्टरको नाममा प्रवाह भएको कर्जा पशुपती दयाल मिश्र संचालक समितिको अध्यक्ष रहेको समयमा संचालक समितिले स्विकृत गरी कर्जा प्रवाह गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादीले बयान गरेका छन।

९. <u>प्रतिवादी राजेन्द्र वीर रायले यस अदालतसमक्ष गरेको बयानः</u>

मैले दावी अनुसारको रकम अपचलन गरेको छैन। कर्णाली बिकास बैंक लि. को लागि चाहिने न्यूनतम चुक्ता पूँजी बृदी गर्ने क्रममा बैंकबाट गोप्य रूपैया चलाउने मौखिक सहमती अनुसार म राजेन्द्र विर रायले अपचलन बापतको रकम बैंकको पूँजी बृद्धि गर्ने र अन्य पशुपती दयाल मिश्रा, निरज बिक्रम शाह, दिनेश कुमार रावत, दिपा थापाले अन्य व्यक्तिगत काममा तथा घरजग्गाको कारोवारको लागी आवश्यक परेको बखत बैंकबाट लगी प्रयोग गर्ने, सो कुरा गोप्य राख्ने सहमती गरी रकम अपचलन गर्न सुरू. गरिएको हो । सो पश्चात म लगायत पशुपती दयाल मिश्रा, निरज विक्रम शाह, दिनेश कुमार रावत, दिपा थापालाई ठूलो रकमको आवश्यकता पर्दा तथा घरजग्गामा लगानी गर्दा बैंकबाट लगी चलाउने गरेको र सो रकम फिर्ता नगरेको कारण बैंकमा रकम अभाव हुन गएको हो । सो अपचलन गरिएको रकमको हरहिसाब गोप्य रू.पमा निरज बिक्रम शाह र बेद प्रकाश सिंह ठकुरीले राख्ने भन्ने सल्लाह भए पश्चात मिति २०७४/०८/१५ सम्ममा कर्णाली डेभलपमेण्ट बैंक लि.को रकम अपचलन भएको हो । मैले ३२,००,००,०००।- (अक्षेरू.पी बत्तिस करोड), पशुपती दयाल मिश्राले रू..१५,००,००,०००।- (पन्ध्र करोड), निरज बिक्रम शाहले रू..१५,००,००,०००।- (पन्ध्र करोड),

दिनेश कुमार रावतले रू.. १५,००,००,०००।–(पन्ध्र करोड), बेद प्रकाश सिंह ठकुरीले रू.. १५,००,००,०००।–(पन्ध्र करोड) र सुशिल कुमार सार्की (नेपाली)ले रू..२,००,००,०००।–(२ करोड) गरी जम्मा कुल नगद रू..९४,००,००,०००।–(चौरानब्बे करोड) अपचलन गरेका हौं। कर्णाली डेभलपमेण्ट बैंक लि.बाट हिल्सा इन्भेष्टमेण्ट प्रा.लि.लाईप्रवाह भएको रू..१५,००,००,०००।–(पन्ध्र करोड), मध्ये मैले १२,००,००,०००।–(बाह्र करोड) चलाएको हुँ भने रू..३,००,००,०००।–(तिन करोड) कर्जा दिनेश कुमार रावत र निरज विक्रम शाहले अपचलन गरेका हुन् । रासी पोलिमर्स प्रा.लि.लाई प्रवाह भएको रू.. १५,००,००,०००।–(पन्ध्र करोड) मध्ये १२ करोड म आफैंले अपचलन गरेको र ३ करोड रू.पैया दिनेश कुमार रावत र निजको भिनाजु नाताको महेशजंग थापाले अपचलन गरेका हुन् । वेचनलाल भुजुवाको नाममा प्रवाह भएको कर्जा रू..८०,००,०००।–(असी लाख) मैले चलाएको हुँ । बकि केमिकल्स प्रा.लि.लाई रू..१५ करोड कर्जा प्रवाह गरेकोमा दिनेश कुमार रावतले ८ करोड र म आफैले ७ करोड अपचलन गरेको हुँ । तत्कालिन प्रमुख कार्यकारी अधिकृत निरज बिक्रम शाह र महादेव भन्ने वेद प्रकाश सिंह ठकुरीले कर्णाली डेभलपमेण्ट बैंक लि.को अन्य बैंकमा रहेको मौज्दात भन्दा बढी रकम उल्लेख गरी बैंकको लेजरमा लेखेका हुन् । म प्रमुख कार्यकारी अधिकृतबाट अवकाश लिए पश्चात निरज बिक्रम शाहले रू..१२,००,००,०००।–(बाह्र करोड), दिनेश कुमार रावतले रू..१०,००,००,०००।–(दस करोड), महादेव भन्ने बेद प्रकाश सिंह ठकुरीले रू.. ५,००,००,०००।–(पाँच करोड), ओम प्रकाश मिश्राले रू..५,००,००,०००।–(पाँच करोड), मान बहादुर चौधरीले रू.. २,००,००,०००।–(२ करोड) अपचलन गरेका हुन् । कर्णाली डेभलपमेण्ट बैंक लि. को अन्य बैंकमा रहेको खाताहरू.बाट रकम निकाली सो रकम बैंकमा नल्याई व्यक्तिगत रू.पमा प्रयोग गर्ने र सिष्टममा सो रकम अभिलेख नगर्ने, भल्टबाट निकालिएको पैसा नगदै लिने सो वापत खातामा पैसा नभएको डमी चेकहरू. दिने सो कुरा सिष्टममा अभिलेख नगर्ने, अन्य बैंक खाताहरू.मा जम्मा गर्न लगिएको रकम जम्मा नगरी आफुलाई चाहिएको बखत चलाउने तर बैंकको सिष्टममा रकम जम्मा गरिएको भनी जनाउने, बैंकको हरहिसाब राख्ने काम लेखा शाखाका बेद प्रकाश सिंह ठकुरीले गर्ने गरेका थिए भनेसोको भेरिफिकेसन गर्ने काम तत्कालिक लेखा विभाग प्रमुख निरज विक्रम शाहले गर्ने गरेका थिए । अपचलन लेजर मौज्दातमा बढी रकम उल्लेख गर्ने गरिएको थियो। सहमती बमोजिम अपचलन गरिएको रकमको हिसाब राख्ने काम पनि महादेव भन्ने बेद प्रकाश सिंह ठकुरीले गर्ने गर्दथे । बैंकलाई समय समयमा चाहिने ब्यालेन्स सिट, हिसाबमिलानदिन जस्तै असार मसान्त,नेपाल राष्ट्र बैंकको निरीक्षण र लेखापरीक्षणको सिलसिलामाविभिन्न बैंकमारहेको खाताको हिसाबमिलानभएको देखाउने काम लेखा विभागको भएको हुँदा केन्द्रीय कार्यालयका लेखा शाखाका प्रमुख महादेव भन्ने वेद प्रकाश सिंह ठकुरी र तत्कालिन लेखा विभाग प्रमुख निरज विक्रम शाहलाई जिम्मेवारी दिएको हुँदा निजहरू.ले अपचलन भएको रकम लाई मिलाउनको लागी अन्य बैंकमा रहेको खाताको ब्यालेन्स सिट किर्ते बनाउने गरेका थिए । तत्कालिन प्रमुख कार्यकारी अधिकृत

तथा उच्च पदस्थ कर्मचारीहरू.ले बैंक ब्यालेन्स नभएको चेक राखी ढुकुटीबाट नगदै रकमलिने गरेको, यस बैंककोचेकबाट अन्य बैंकमा रहेको मौज्दात झिकी बैंकमा नबुझाई अन्यत्र लग्ने, खातामा Balance नभएकै अवस्थामा Cheque Clearing मार्फत रकमान्तर चेक भुक्तानी गर्ने, Vault बाट र Counter बाट नगदै पैसा झिक्ने गरेको कुरा साँचो हो । नक्कली ऋणी खडा गरी ऋण लगानी र परियोजनामा ऋण लगानी गरेको देखाई रकम आफैले प्रयोग गर्ने कार्य म राजेन्द्र बिर राय, पशुपती दयाल मिश्रा, दिनेश कुमार रावत, निरज विक्रम शाहले चलाउने गरेका हौं । कर्णाली बैंकको अन्य बैंकहरू.को खातामा रहेको रकम चलाई खर्च गर्ने तर फिर्ता नगरी अपचलन गरेको हुँदा माथि उल्लेखित रकम रू.. १,२७,२१,६३,०००।– (एक अर्ब सत्ताईस करोड एक्काईस लाख त्रिसठ्ठी हजार) बैंक खाताबाट अपचलन भएको हो । बेचनलाल भुजुवाको नाममा रहेको धितो मैले निजको नाममा कायम गरी कर्जा लिई सो कर्जा मैले अपचलन गरेको हुँ। हिल्सा ईन्भेष्टमेण्ट प्रा.लि.को नाममा प्रवाह भएको रू..१२ करोड कर्जा मैले अपचलन गरेको हुँ भने बाँकी रू..३ करोड कर्जा दिनेश कुमार रावत र निरज विक्रम शाहले अपचलन गरेका हुन्। हिल्सा ईन्भेष्टमेण्ट प्रा.लि.दिपेन्द्र कुमार राई र राजन बलीको नाममा दर्ता रहेको छ। सो बाहेक बाँकि केमिकल्स प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम मध्ये रू..८ करोड दिनेश कुमार रावतले अपचलन गरेका हुन् भने ७ करोड मैले अपचलन गरेको हुँ । संचालक समितिले गरेको निर्णय पालना गर्नुपर्ने प्रमुख कार्यकारी अधिकृतको दायित्व हुन्छ। अभियोगमा उल्लेख भए बमोजिमको रकम अपचलन भएको होईन। उक्त अवधि भित्रका गुड लोन जुन असूल उपर गर्न बाँकी रहेको रकमलाई समेत समावेश गरी उक्त रकम देखाईएको हो। मैले जम्मा बत्तिस करोड रूपैया बराबर नगद अपचलन गरेको हो। गोमति गुरुङका नाउँको सुन कर्जा मैले प्रयोग गरेको हुँ। र सो कर्जा वापतको रकम समेत चुक्ता भैसकेको छ। कर्जा प्रवाह स्वीकृति संचालक समितिले प्रदान गरेका हुन। उक्त बैंकमा राखेको भल्ट दुई वटा साँचोबाट खोल्ने गरिन्छ। एउटा साँचो लेखा ईन्चार्ज बेद प्रकाश सिंह ठकुरीसँग र अर्को साँचो लेखा प्रबन्धक दिपा थापासँग रहेको थियो। उनीहरुको संयुक्त साँचोबाट तत्कालिन लेखा बिभाग प्रमूख निरज बिक्रम शाहको रेखदेखबाट खोल्ने र रकम जम्मा गर्ने र निकाली अभिलेख राखे गर्थे। सो भल्टबाट बेद प्रकाश सिंह ठकुरीले निकाल्ने गर्थे। रकम निकाल्ने काम दैनिक कार्य भएकोले कार्यकारी अधिकृतको कुनै संलग्नता हुँदैन। नगद रकम क्यास बुक ईन्ट्री गरी बैंकको भल्टमा राखिने गरेको थियो । साथै काउण्टरमा जम्मा भएको नगद समेत हिसाब मिलान गरी दैनिक रुमा भल्टमा राखिने गरेको थियो । किर्ते कागज तयार पार्ने कार्यमा मेरो भूमिका छैन। जग्गाहरु म र पशुपती दयाल मिश्रले कर्णाली बैंकबाट गौमती गुरुङ र मोहनराम मिश्रको नाममा कर्जा लिई प्लटिङ गरेको हो भन्ने समेत वेहोराको बयान गरेकाछन ।

१०. <u>प्रतिवादी बेद प्रकाश सिंह ठकुरी उपरको अभियोग दावी:</u>

प्रतिवादी अपरेशन इन्चार्ज,लेखा प्रमुख,लेखापरिक्षण समितिको सदस्य रहेकोमा प्रतिवादी आफैले अन्य बैंकबाट रकम निकाली ल्याई कर्णाली डेभलपमेन्ट बैंकको Cash in Transit & Vault Book मा समेत नचढाई

नगदै रकम रु. १,७५,००,०००.००(एक करोड पचहत्तर लाख) हिनामिना गरेको, यी प्रतिबादी बेद प्रकाश सिंह ठकुरी आफैले समेत चेकमा दस्तखत गरी अन्य कर्मचारीलाई रकम ल्याउन लगाई कर्णाली डेभलपमेन्ट बैंकको Cash in Transit & Vault Book मा समेत नचढाई देहाय बमोजिमको नगदै रु.२२,८८,१९,०००.००(बाइस करोड अठासि लाख उन्नाइस हजार) हिनामिना गरेको, अपचलन भएको रकम मध्येकै रकम प्रतिवादी राजेन्द्र बीर राय मार्फत रु. ४१,००,०००.००(एक चालिस लाख) लिई व्यक्तिगत लाभ लिएको, रु. एक करोडको जिवन बिमा रहेकोमा सो बिमा बापत रु. ६,६१,७००.००(छ लाख एक सठ्ठि हजार) प्रिमियम तिरेको व्यक्तिगत लाभ लिएको , CITY REMIT & PRABHU REMIT रेमिट कम्पनीको नामबाट रु. ७०,४५,०४०.०० (सत्तरी लाख पैंचालीस हजार चालीस रुपैयाँ) खातामा जम्मा गरी गराई निक्षेप रकम हिनामिना गरी व्यक्तिगत लाभ लिएको,यसै गरी अपचलन भएको रकम बाट आफ्नो कम्पनीको खातामा जम्मा गरी गराई रु. तिन लाख पन्ध्र हजार अपचलन गरी जम्मा गरी व्यक्तिगत लाभ लिएको, हकपद शेयरको लागी संस्थाको अपचलन गरेको रकम रु. ५,७४,७५,०००.०० (अक्षेरेपी रु. पाँच करोड चौरहत्तर लाख पचहत्तर हजार) Call In Advance खातामा जम्मा गरेको, ऋणीको खाताबाट पवन सिंह थारु समेत भई रु. ५० लाख प्रतिबादी बेद प्रकाश सिंह ठकुरी शेयरहोल्डर रहेको GRACE & GLOBAL को खातामा ट्रान्सफर गरी व्यक्तिगत लाभ लिएको,यस बैंकका कर्मचारीलाई खातामा जम्मा गर्न लगाई रु. ५ लाख ५० हजार लिएकोमा निज व्यक्तिगत लाभ लिएको,निजले आफैले राखेको आफ्नो खर्चको अभिलेखमा रु. २५ लाख ८० हजार ५ सय लिएको भनी उल्लेख गरेको देखिन्छ, प्रस्तुत मुद्धाका अर्का प्रतिवादी राजेन्द्र बीर रायले यी प्रतिवादीले बेद प्रकाश सिंह ठकुरीले रु. १५,००,००,०००।- (पन्ध्र करोड) अपचलन गरेको भनी खुलाएको समेत देखिन आएबाट प्रतिवादी महादेव भन्ने बेद प्रकाश सिंह ठकुरीले बैंकिङ कसूर सजाय ऐन २०६४ को दफा ७ को (ज), दफा ८, दफा ९, दफा १२,दफा १२क. (२), दफा १४ बमोजिमको कसूर गरेको हुँदानिज प्रतिवादी बेद प्रकाश सिंह ठकुरीलाई सोही ऐनको दफा १५ को उपदफा २ (ङ) बमोजिम साजय हुन साथै सोही ऐनको दफा १५ को उपदफा (२) बमोजिम सामुहिक तथा व्यक्तिगत दायित्वले हुने अपचलन भएको रकम रु. २४,६३,९९,०००।- (चौबिस करोड तीरसठ्ठी लाख उनान्सय हजार रूपैया) सम्बन्धित कर्णाली विकास बैंकलाई बिगो भराई निज प्रतिवादी बेद प्रकाश सिंह ठकुरीलाई बिगो बमोजिमको जरिवाना हुन भन्ने अभियोग मागदावी रहेको छ।

११. <u>प्रतिवादी बेद प्रकाश सिंह ठकुरीले अनुसन्धानको क्रममा गरेको बयान:</u>

कर्णाली डेभलपमेण्ट बैंक लि. मा सुन कर्जाको व्यवस्था रहेको थियो । माथि उल्लेखित सुन कर्जा दिएको सम्वन्धमा मलाई याद भएन । बाँकि सम्वृद्धि एग्रो प्रा.लि.को नाममा प्रवाह भएको कर्जा निज पशुपती दयाल मिश्रले प्रयोग गरेको कुरा ठिक हो। पशुपती दयाल मिश्रले राम करण मिश्रको नाममा बाँकि सम्वृद्धिएग्रोप्रा.लि. दर्ता गराई सो बाँकि सम्वृद्धि एग्रो प्रा.लि.को नाममा कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा स्विकृत गराई सो कर्जाको रकम पशुपती दयाल मिश्रले प्रयोग गरेका हुन् । म र पशुपती दयाल मिश्रले कर्णाली बैंकबाट गौमती गरुङ र मोहनराम मिश्रको नाममा कर्जा लिई प्लटिङ गरेको हो । सोही जग्गाहरु भुजुनी थरुनी, जन कुमारी चौधरी, मन कुमारी चौधरीलाई समेत बिक्री गरिएको हो । सो जग्गाहरु बिक्री गरी गौमती गुरुङ र मोहन राम मिश्रको नाममा कर्जा चुक्ता गरि सकेको छौं । मान सरोवर अम्युजमेन्ट पार्क एण्ड रिसोर्टप्रा.लि. वास्तविक रुपमा पशुपती दयाल मिश्रको आफ्नो कम्पनी हो । निज पशुपती दयाल मिश्रले कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा लिनको लागी मात्र सन्तोष सिंहलाई प्रयोग गरी कागजी रुपमा सन्तोष सिंहको नाममा डमी कम्पनी स्थापना गरी कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा लिई निज पशुपती दयाल मिश्रले प्रयोग गरेका हुन । सो कारण मान सरोवर अम्युजमेन्ट पार्क एण्ड रिसोर्ट प्रा.लि.को नाममा हिसाव नमिलेको रु. १,४६,१९,९७१.००(एक करोड छयालिस लाख उन्नाईस हजार नौ सय एकहत्तर) बराबरको हिसाव नमिलेको रकम तिर्ने दायित्व पशुपती दयाल मिश्रको हो । म र पशुपती दयाल मिश्र मिली बेचनलाल भुजुवा जस्तै डमी व्यक्तिहरुको नाममा कर्जा स्विकृत गराई सो कर्जा म र पशुपती दयाल मिश्रले उपभोग गरी सो कर्जाबाट अन्य व्यक्तिको नाममा जग्गा खरिद गरी प्लटिङ गरी बिक्री गर्ने गरेका थियौं । निज पशुपती दयाल मिश्रले मनोजमान प्रधानको नाममा कर्णाली डेभलपमेण्ट बैंक लि.बाट कर्जा स्विकृत गराई मनोजमान प्रधानको नामको कर्जा पशुपती दयाल मिश्रले चलाएका हुन् । धनलक्ष्मी अल सपिङ सेन्टरको नाममा प्रवाह भएको कर्जा पशुपती दयाल मिश्र संचालक समितिको अध्यक्ष रहेको समयमा संचालक समितिले स्विकृत गरी कर्जा प्रवाह गरेको हो। Grace and Gobal Trading pvt Ltd मा जम्मा भएको रकम Grace and Gobal Trading pvt Ltd को कारोबार बापतको जम्मा भएको रकम हो । रु.३,१५,०००.००(तिन लाख पन्ध्र हजार)कुनै सपोर्टिङ डकुमेण्ट (भौचर लगायत) नभई जम्मा भएको सम्वन्धमा दैनिक रुपमा कारोबारको बचत रकम कर्णाली डेभलपमेण्ट बैंक लि.मा रहेको Grace and Gobal Trading pvt Ltd को खातामा जम्मा गरेको हुँ । उल्लेखित रकमहरु GRACE & GLOBAL PVT LTD को आयकर, भ्याट बापतको अनलाईन भुक्तानी गर्दा मेरो व्यक्तिगत खातामा हाली भुक्तानी गरेको रकमहरु हुन् । निरज विक्रम शाहले मेरो लगानी रहेको GRACE & GLOBALको खातामा रु.

५०,००,०००.००(पचास लाख) ट्रान्सफर गरेकोमा सो रकम मैले खाताबाट निकाली निरज विक्रम शाहलाई दिएको हुँ । माथि उल्लेखित रकम उल्लेख भएको टेवुलहरु मैले कर्णाली डेभलपमेण्ट बैंकमा चलाउने गरेको ल्यापटपमा रहेका थिए । माथि उल्लेखीत महादेव सिंह ठकुरीको नाममा उल्लेख भएको रकमहरु मैले बैंकबाट खर्चको लागी नगदै लिएको रकमहरु हुन् । सो रकमहरु मैले निरज विक्रम शाह र दिपा थापालाई सोधी लिएको थिए । सो मैले लिएका नगद रकमहरु निरज विक्रम शाह र दिपा थापा सँग फच्यौंट भइ सकेको छ । समजलाल चौधरी, नारायण कुमार श्रेष्ठ समेतको नाममा उल्लेख भएका रकमहरु निजहरुले नगद लिई गई खर्च गरेका रकमहरु हुन भन्ने समेत वेहोराको बयान गरेका छन।

१२.<u>प्रतिवादी वेद प्रकाश सिंह ठकुरीले यस अदालत समक्ष गरेको बयान:</u>

मैले दावी अनुसारको रकम अपचलन गरेको छैन। वि.सं.२०७२ साल तिर कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको पुँजि बृद्धि गर्नको लागि प्रमोटर शेयर बृद्धि गर्ने उद्देश्यले बैंककै रकम प्रयोग गरी राजेन्द्र विर राय,दिनेश कुमार रावत र निरज विक्रम शाहले आफुखुशी भौचरहरु तयार गर्ने र फर्जी कारोबार गर्ने गरेका थिए । उक्त समयमा पनि मैले यो कार्य गलत हो नगर्न भन्दा मलाई काउन्टरमा पहुँच नदिई आफु खुशी निजहरुले भौचर तयार गर्ने लगाएतका कार्य गरेका थिए । उक्त समयमा दैनिक कारोवारको लागि कर्णाली विकास बैंकको विभिन्न"क" वर्गको बैंकमा रहेको खाताबाट रकम ल्याउनको लागि राजेन्द्र विर राय,दिनेश कुमार रावत र निरज विक्रम शाहले कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको Cash Inchargeमान बहादुर चौधरी लगायतका कर्मचारीहरुलाई अह्राउने र निज मान बहादुर चौधरीले आवश्यक चेक र पत्र तयार गरी हस्ताक्षर गर्नको लागि हस्ताक्षरकर्ता समूह"क" बाट कार्यकारी प्रमुख वा एडमिन प्रमुख वा प्रवन्धकबाट कोही एक र समूह"ख" बाट लेखापाल वा लेखा सहायक वा अपरेशन इन्चार्ज मध्ये कोही एकको हस्ताक्षर गराउनको लागि क्यास इन ट्रान्जिट बुक भरी उक्त बुक,चेक र पत्र समेत अपरेशन म्यानुअल अनुसार लेखा प्रमुख वा वरिष्ठ प्रवन्धक वा कार्यकारी प्रमुख वा क्यास ईन्चार्ज समक्ष लैजाने गर्दथे । यसरी निजले म लेखा सहायक हुँदाको बखत हस्ताक्षर गराउन ल्याउँदा मैले समेत हस्ताक्षर गरी पठाउने गरेको थिएँ । तत्पश्चात निजहरुले के-कसरी उक्त रकम अपचलन गरी बैंकको भल्टमा जम्मा नगरी व्यक्तिगत खाता,विभिन्न कर्जा खाता,अन्य बैंकको निजहरुको व्यक्तिगत खातामा जम्मा गरेका हुन् ।भल्टको चावी व्यवस्थापक दिपा थापा र क्यासियर मान बहादुर चौधरी समझलाल चौधरी,पवन चौधरीमध्ये १ जनासँग रहेको हुन्थ्यो । राजेन्द्र विर रायको निर्देशनमा तत्कालिन कम्पनी सचिव दिनेश कुमार रावत र तत्कालिन लेखा प्रमुख निरज विक्रम शाहले आफुखुशी

भौचरहरु तयार गर्ने र सोही बमोजिम बैंकको रकम प्रयोग गरी शेयर सम्वन्धी कारोबार गरेका हुन् । अन्य के कसो भएको हो मलाई जानकारी छैन । म क्यास टेलरमा हुँदा व्यवस्थापक दिपा थापा र निरज बिक्रम शाहलाई जानकारी गराई निजहरुले कति रकम हो सो अनुसारको चेक बनाई ल्याउनु भनेपछि सो चेक भरेर निजहरुलाई सहिछाप गराएर सो चेक साट्नको लागि एक जना सुरक्षाकर्मी,एक जना ड्राईभर,एक जना हेल्पर र म समेत गरी ४ जना गएर पैसा निकाली ल्याएको रकम क्यास काउन्टरमा नै जम्मा गराएको हुँ। मैले व्यवस्थापक लगायत उच्च पदस्थ कर्मचारीहरुले लाए अह्राए बमोजिम रकम सटही गरी क्यास काउन्टरमा जम्मा गरी भरपाई समेत गराएको हुँ। यसरी बिभिन्न बैंकबाट रकम ल्याउने जिम्मेवारी कार्यालयमा रहेका कर्मचारीहरु मध्ये आवश्यकता र व्यस्ततालाई मध्यनजर गरी तोकिने हुँदा म समेत कुनै समयमा यसरी रकम ल्याउने कार्यमा संलग्न भएको हुन सक्छु । तर कुनै बदनियत र प्रकृया नपुर्याई यो कार्य गरेको होइन । यसरी विभिन्न बैंकबाट ल्याईएको रकम Cash Counter मा बुझाई क्यास इन ट्रान्जिट बुकमा हस्ताक्षर गरि रकम जिम्मा लगाउने कार्य गरिएको हुन्छ । मैले पनि सोहि कार्य गरेको थिएँ । यसरी क्यास काउन्टरमा जम्मा गरिएको रकम सिस्टममा बैंकमा रहेको भनिएको शिर्षकबाट हटाएर नगद शिर्षकमा दाखिला गरी आवश्यक दैनिक कारोबार गर्ने गर्दछ । तसर्थ म समेत संलग्न भई ल्याईएको माथि उल्लेखित रकम हिनामिना गरेको नभई कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको दैनिक कारोबारमा प्रयोग भएको हो । उल्लिखित भौचरहरुमा भएको अक्षरहरु मेरो हो । तत्कालिन समयमा निरज विक्रम शाहको निर्देशनमा मैले यो भौचर भरेको थिए । Call In Advanceशिर्षकमा यो भौचर शेयर सम्बन्धी कारोबारको लागि भरिएको थियो तर तत्पश्चात के कसो भयो भन्ने मलाई जानकारी भएन । राजेन्द्र वीर राय समेतले आफ्नो निजी काम गर्दा भुक्तानी स्वरुप दिएको चेक बापत रकम दिंदा कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको रकम दिने तर निजहरुको खाताबाट कुनै रकम ननिकालि बैंकमा रहेको रकम मात्र प्रयोग गरेको कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको बिभिन्न शाखाबाट रकम ल्याई प्रधान कार्यालयमा रकम जम्मा नगरी रकम बापत Deposit Slip राखि हिसाब मिलान गर्ने र सो रकम व्यक्तिगत प्रयोजनको लागि प्रयोग गर्ने गरेको देखिन्छ,Withdraw Slipको प्रयोग गरी रकम निकाल्ने र सो बापत कोही कसैले कहिले पनि रकम जम्मा गरेको देखिदैन, Advanceलिन प्रयोग गर्ने Payment Voucher कै आधारमा रकम लिई भुक्तानी नगर्ने गरेको पाइयो र पैसा जम्मा गर्न प्रयोग गर्ने Receive Voucher मार्फत रकम जम्मा नगर्ने तर कागजी रुपमा सो बराबरको हिसाब मिलान गरेको समेत देखिन्छ । निजहरुको यी र यस्ता क्रियाकलापहरुले रकम दुरुपयोग गरेको देखिन्छ । म लेखा सहायक हुँदाको बखत दैनिक कारोबारको लागि आवश्यक रकम

निकाल्नको लागि कार्यालयले दिएको अधिकार र दायित्व पुरा गर्नको लागि चेकहरुमा माथिल्लो स्तरको कर्मचारी नभएको बेला आदेशानुसार हस्ताक्षर गरेको हुँ । रकम अपचलन भएको थाहा पाएर कुरा गर्न खोज्दा समेत निजहरुले निरन्तर दवाव र धम्की दिन थालेकोले बाध्य भएर राजिनामा दिई बाहिर आएको हुँ। मैले कुनै रेमिट्यान्सको कारोबार गरेको छैन। यसमा कार्यकारी अधिकृत, प्रवन्धक, अन्तरशाखाको संलग्नता छ। म लेखा सहायक हुँदाको बखत दैनिक कारोबारको लागि आवश्यक रकम निकाल्नको लागि कार्यालयले दिएको अधिकार र दायित्व पुरा गर्नको लागि चेकहरुमा माथिल्लो स्तरको कर्मचारी नभएको बेला आदेशानुसार हस्ताक्षर गरेको हुँ । बैंकबाट ल्याइएको रकम व्यक्तिले प्रयोग गरेको मलाई थाहा भएन । बैंकको रकम अपचलन गर्ने कार्यकारी अधिकृत,उच्च पदस्त कर्मचारी र संचालक समितिहरु नै अपचलन गरेको हुँदा मैले आरोपित कसूरबाट सफाई पाउँ भन्ने समेत बेहोराको बयान गरेका छन ।

१३.<u>प्रतिवादी पशुपति दयाल मिश्र उपरको अभियोग दावी:</u>

प्रतिवादी पशुपति दयाल मिश्र समेत भई "हिस्सा अनुसारको रकम पछि हिसाब मिलान गर्ने गरी जम्मा गर्न लगाई" भन्ने निर्णय गराई हकप्रद शेयर बापत रु. ६६ लाख ११ हजार व्यक्तिगत लाभ लिएको, प्रतिवादी राजेन्द्र वीर रायबाट रु.६ लाख ५० हजार रकम लिएको, ऋणी मार्फत रु.६२ लाख लिएको संस्थाबाट अनियमित रुपमा रु. २३ करोड ३० लाख ५ हजार ऋण प्रदान गरेको, यिनै प्रतिवादीको सञ्चालक समितिको अध्यक्ष रहेको अवस्थामा रु. ७८करोड ७८ लाख ६३ हजार नगद अपचलन भएको देखिन आएकोमा यी प्रतिवादी पशुपति दयाल मिश्रको उल्लिखित कार्य बैंकिङ कसुर सजाय ऐन २०६४ को दफा ७ को (क) (ख) (ग) (ङ) (च) (ज) (झ) (ञ) दफा ८,दफा ९, दफा १२ क.(२), दफा १४ बमोजिमको कसुर गरेको देखिएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १५को उपदफा २ (च) बमोजिम सजाय हुन रसोही ऐनको दफा १५ को उपदफा (८) बमोजिम थप सजाय हुन साथै सोही ऐनको दफा १५ को उपदफा २ बमोजिम सम्बन्धित कर्णाली विकास बैंकलाईसामूहिक दायित्वमा पर्ने अनियमिता आर्थिक कारोबार रकम रु.७८,७८,६३,०००.०० तथा अनाधिकृत कर्जा प्रवाह गरेको रकमरु.२,३३,०५,०००.०० र व्यक्तिगत लाभ लिएको रकम रु. १,३४,६१,०००.००(एक करोड चौतिस लाख एकसठ्ठी हजार) समेत गरी जम्मा रु. ८२,४६,२९,०००।–(बयासी करोड छयालिस लाख उनान्तीस हजार रुपैया) बिगो भराई निज प्रतिवादी पशुपति दयाल मिश्रलाई बिगो बमोजिमको जरिवाना हुन अभियोग मागदावी लिएको देखिन्छ ।

१४.<u>प्रतिवादी पशुपती दयाल मिश्रले अनुसन्धानको क्रममा गरेको बयान:</u>

म २०७५ सालको माघ महिनासम्म संचालक समितिको अध्यक्ष भई काम गरेको हुँ । म कर्णाली डेभलपमेण्ट बैंक लि.को संचालक समितिको अध्यक्ष तथा सदस्यको रुपमा कार्यरत रहदा नेपाल राष्ट्र बैंकले संचालक र अध्यक्षको लागि तोकेको काम कर्तव्य र अधिकार भित्र रही काम गरेको हुँ । साधारण सभाले दिएका अधिकारहरु प्रयोग गरी काम कारबाही संचालन गर्ने गरेको थिएँ । कर्णाली डेभलपमेण्ट बैंक लि. संचालनको लागि आन्तरिक नीति, Policy Guidelines अनुसार तथा नेपाल राष्ट्र बैंकको ऐन र निर्देशन अनुसार संचालन हुने गरेको थियो । मिति २०७१ आषाढ मसान्त सम्ममा कर्णाली डेभलपमेन्ट बैंकको पूँजी १० करोड पुर्‍याउनु पर्ने नेपाल राष्ट्र बैंकबाट जारी परिपत्र अनुसार तत्काल बैंकले हकप्रद शेयर जारी गरी राष्ट्र बैंकबाट तोकिएको न्यूनतम चुक्ता पूँजी पुरा गर्न सम्भव नभएकोले बैंकका सम्पूर्ण संस्थापक तथा शेयरधनीहरुले आ-आफ्नो शेयर कित्ताको नियमानुसार पर्न जाने हिस्सा अनुसारको रकम पछि हिसाब मिलान गर्ने गरी जम्मा गर्न लगाई सो रकमलाई Call in Advance शिर्षकमा जम्मा गर्न लगाइएको हो । सो Call in Advance शिर्षकमा जम्मा गरिएको रकम शेयरमा परिणत गरी सम्बन्धित व्यक्तिलाई शेयर दिई चुक्ता पूँजी वृद्धि गर्ने भनी निर्णय गरिएको हो । यसको सम्पुर्ण जिम्मा व्यवस्थापन र क्यापिटल ईश्यु म्यानेजरको कार्यक्षेत्र भित्र पर्ने भएको हुँदा संचालक समितिको यस निर्णयमा कुनै गलत मनसाय छैन । यो निर्णयको विरुद्धमा नेपाल राष्ट्र बैंक, आन्तरिक तथा वाह्य लेखा परीक्षणबाट कुनै किसिमको टिप्पणी आएको छैन । मैले उक्त Call In Advance खातामा रु.२०,००,०००।–(बीस लाख) जम्मा गर्न दिएको थिए वा थिईन हाल मलाई एकिन छैन । यसमा मेरो हस्ताक्षर छैन । सो नाममा २:१ का दरले आएको शेयरको रकम के कती के कसलाई के कुन माध्यमबाट भुक्तानी दिए हाल मलाई एकिन भएन । मेरो अध्यक्षतामा मिति २०७४/०३/२१ गते बसेको कर्णाली डेभलपमेण्ट बैंक लि. को संचालक समितिको बैठकको निर्णय बमोजिम सम्पूर्ण शेयरधनीहरुले आ-आफ्नो हिस्सामा पर्न आउने रकम यस बैंकको कल इन एडभान्स खातामा जम्मा गर्न सार्वजनिक सूचना प्रकाशित गरेकोमा कसैको पनि जम्मा हुन नआएको र ने.रा. बैंकको निर्देशन बमोजिम २०७४ असार मसान्तसम्म ५० करोड पूँजी पुर्‍याउनु पर्ने बाध्यता भएको हुँदा उक्त कार्यलाई तदारुकताका साथ सम्पन्न गर्नको लागि संस्थापक शेयरधनी, सर्वसाधारण शेयरधनी र अन्य इच्छुक महानुभावहरुबाट (पछि हिसाब मिलान गर्ने गरी) कल इन एडभान्स खातामा रकम जम्मा गर्न आव्हान गर्ने र सो संग सम्बन्धित कार्य गर्न व्यवस्थापनलाई अख्तियारी दिने गरी निर्णय भएको हो तर यसको कार्यान्वयनको काम व्यवस्थापन र प्रभु क्यापिटललाई दिईएको हो । मैले हकप्रद शेयर बापतको रकम रु.१०,००,०००।–(दश लाख) Call in Advance खातामा जम्मा गरेको सम्बन्धमा मलाई एकिन छैन

। कर्जाको फाईल व्यवस्थापन ले तयार गरी संचालक समितिमा ल्याई पेश गरी संचालक समितिले स्वीकृत गरी कर्जा प्रवाह हुने गर्दथ्यो । मेरो अध्यक्षतामा संचालक समितिबाट स्वीकृत भई प्रवाह भएका कर्जाहरु सबै चुक्ता भईसकेका छन् । संस्थापक शेयर धनीको १% भन्दा कम संस्थापन शेयर भएमा संस्थापक शेयरधनीलाई बैंकबाट कर्जा उपलब्ध गराउन बाधा नपर्ने भएको हुँदा म संचालक समितिको अध्यक्ष भएको समयमा संचालक समितिबाट निर्णय गरी मोहन राम मिश्रलाई कर्जा प्रवाह भएको हो । सन्तोष कुमार सिंहको नाममा दर्ता रहेको मान सरोवर अमेजमेन्ट पार्कको नाममा म संचालक समितिको अध्यक्ष रहेको समयमा संचालक समितिबाट कर्जा प्रवाह भएको हो । राजेन्द्र बीर रायले खुलाएको कुराहरु तथ्यहिन हुन् । मैले कर्जा स्वीकृत गर्ने समयमा MANSAROVAR AMUSEMENT PARK & RESORT सन्तोष कुमार सिंहको एकल कम्पनी रहेको थियो । व्यवस्थापन समुहबाट कर्जा स्विकृतीको लागि संचालक समितिमा आए पश्चात म संचालक समितिको अध्यक्ष रहँदा उक्त कर्जा स्वीकृत भएको हो । मनोजमान प्रधानले कर्णाली डेभलपमेण्ट बैंक लि.बाट व्यक्तिगत धितो राखी व्यक्तिगत कर्जा लिएको हुन् । मनोजमान प्रधानले व्यक्तिगत कर्जा रु. ६२ लाख प्रवाह गरेको, निज मनोजमान प्रधानले बैंकमा रकम जम्मा गर्नु पर्नेमा मेरो खातामा रकम जम्मा गरेको सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई जानकारी गराईएको थियो । राजेन्द्र बीर राय संचालक समितिको अध्यक्ष भएको समयमा मेरो छोरा राम करण मिश्रको नाममा रहेको बाँकि सम्वृद्धी एग्रो प्रा.लि.को नाममा कर्जा प्रवाह भएको हो । कर्णाली डेभलपमेण्ट बैंक लि.बाट मेरो भतिज मोहनराम मिश्रले व्यक्तिगत कर्जा लिएको थियो । बेचनलाल भुजुवा (गुसा) मेरो चिनजानको मानिस हुन् । निज बेचनलाल भुजुवा (गुसा) र म एउटै राजनीति पृष्ठभूमिका मानिस हौं । निज कर्णाली डेभलपमेण्ट बैंक लि.को ऋणी रहेको भन्ने कुरा थाहा छ । निज बेचनलाल भुजुवाले म सँग व्यक्तिगत कामको लागि सापटी लिएको रकम फिर्ता गरेका हुन् । संस्थापक शेयर संस्थापकहरुले नलिई छोडेको शेयर मध्येको केही शेयरहरु मेरो दाजु शंकर दयाल मिश्र र भतिज मोहनराम मिश्रले प्रकृया पुरा गरी रकम जम्मा गरे पश्चात संस्थापक शेयर लिएका थिए । मेरो दाजु तथा भतिजले हकप्रद शेयर बापतको रकम जम्मा गरी हकप्रद शेयर लिएका हुन् । अन्य बैंकहरुमा रहेको खाताको ब्यालेन्स सर्टिफिकेट किर्ते बनाउने काम निरज बिक्रम शाहले गरेको भन्ने सुन्न आएको र निजको ल्यापटपमा सो किर्ते ब्यालेन्स सर्टिफिकेट रहेको छ भनी सुनेको थिए । अनिवार्य नगद अनुपात मौज्दात कायम राख्ने प्रयोजनको लागि खोलिएको खातामा अपर्याप्त मौज्दात राखी नियमानुसार राख्नु पर्ने अनिवार्य नगद अनुपात मौज्दात खातामा नभएतापनि खातामा कायम रहेको भनी गलत विवरण नेपाल राष्ट्र बैंकमा रिपोटिङ गर्ने काम निरज विक्रम शाहले गरेका हुन् । बैंकबाट रकम झिक्ने, अन्य बैंकहरुमा रकम

जम्मा गर्ने, शाखा कार्यालयहरुमा रकम पठाउने, शाखा कार्यालयहरुबाट रकम ल्याउने र त्यसको अभिलेख राख्ने काम प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापनको जिम्मामा पर्ने भएको हुँदा निजहरुको नै संलग्नतामा रकम अपचलन भएको देखिन्छ । बैंकबाट रकम झिक्ने, अन्य बैंकहरुमा रकम जम्मा गर्ने, शाखा कार्यालयहरुमा रकम पठाउने, शाखा कार्यालयहरुबाट रकम ल्याउने र त्यसको अभिलेख राख्ने काम प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापनको जिम्मामा पर्ने भएको हुँदा निजहरुको नै संलग्नतामा रकम अपचलन भएको देखिन्छ ।धितो मुल्यांकनकर्ताको नियुक्ती धितो मुल्याङकनकर्तले पेश गरेको निवेदनको आधारमा संचालक समितिले गर्ने गर्दछ । म संचालक समितिमा रही संचालक समितिको अध्यक्ष रहेको समयमा धनलक्ष्मी अल सपिङ सेन्टरको नाममा कर्जा स्विकृत भएको हो । सो कर्जा स्विकृत हुँदा नापी, मालपोत कार्यालयबाट जग्गा पास भएको लिखत, धितो मुल्यांकनकर्ताको मुल्यांकन रहेको हुँदा सोही आधारमा कर्जा स्विकृत गरिएको हो । सो पश्चात के कसो भयो मलाई थाहा छैन । होटल दर्शन एण्ड रेष्टुरेण्टको नाममा कर्जा प्रवाह भएको सम्बन्धमा मलाई थाहा भएन भन्ने समेत बेहोराको बयान गरेका छन।

१५.<u>प्रतिवादी पशुपति दयाल मिश्रले यस अदालतसमक्ष गरेको बयान:</u>

संचालक समितिको अध्यक्षको बैंक तथा वित्तिय संस्थामा संचालक समितिको अध्यक्षता गर्ने बाहेक अन्य कुनै काम कर्तव्य अधिकारको व्यवस्था छैन। जाहेरी दरखास्तको बेहोरा गलत हो। मैले उक्त बैंकको कुनै रकम अपचलन गरेको छैन। मेरो छोरा डा. ओम प्रकाश मिश्रको अध्यक्षतामा गठित संचालक समितिबाट अपचलन गरेको रकमको सम्बन्धमा छानबिन गर्न छानविन समिति गठन भई छानविन गरी सह प्रतिवादी राजेन्द्र बीर राय, दिनेश रावत, निरक विक्रम शाह, महादेव सिंह ठकुरी लगायतका कर्मचारीहरुले नक्कली कागजातहरु राखी १२६ करोड नगदै अपचलन गरेको प्रतिबेदन जिल्ला प्रहरी कार्यालय बाँकि र जिल्ला प्रशासन कार्यालय बाँकिका सिडियो र नेपाल राष्ट्र बैंकका गर्भनरलाई मैले नै जानकारी दिएको हुँ। राष्ट्रबैंलाई मैले उक्त प्रतिवेदन दिएपछि राष्ट्रबैंकबाट तीन सदस्यको टोली छानबिनको लागि आएको हो। उक्त रकम अपचलनमा मेरो कुनै भुमिका छैन। उक्त रकम अपचलनमा सह प्रतिबादीहरु राजेन्द्र बीर राय, निरज विक्रम शाह, दिनेश कुमार रावत र बेद प्रकाश सिंह ठकुरीको प्रमुख भुमिका रहेको छ।

मलाई ठुलो रकमको आबश्यकता पर्दा तथा घरजग्गामा लगानी गर्दा बैंकबाट रकम लिई समयमा फिर्ता नगरेको भन्ने समेत बेहोरा उल्लेख गरी सहप्रतिबादी राजेन्द्र बीर रायले मलाई फसाउने नियतबाट त्यस्तो बेहोरा लेखाएका हुन। उक्त बेहोरा झुठा हो।यस किसिमको कुनै रकम मैले लिएको छैन। सम्बन्धित

बैंकका कर्मचारीहरु सारिका झा, हरिहर सुवेदी समेतका मानिसहरुले गरेका घटनाविवरण कागज गर्ने मानिसहरुले गरेको कागजको वेहोरा सहि हो। उक्त कार्यमा सह प्रतिवादीहरु राजेन्द्र बीर राय, निरज विक्रम शाह, दिनेश कुमार रावत र बेद प्रकाश सिंह ठकुरीको प्रमुख भुमिका रहेको छ भनी अन्य वेहोरा मौकाको भनाई मुताविक बयान वेहोरा लेखाएका छन ।

१६.<u>प्रतिवादी भुवन बस्नेत उपरको अभियोग दावी:</u>

प्रतिवादी भुवन सिंह वस्नेतले संस्थाको निरीक्षण अनुगमनको क्रममा संस्थामा भएको हकप्रद शेयर वापत गरिएको अपचलन समेतका आर्थिक अनियमित कारोबार भएको सो बारेमा जानकारी भएपश्चात सो तथ्य तथ्याङकलाई लुकाउन छिपाउन, सञ्चालक समितिका पदाधीकारीहरु तथा व्यबस्थापकले संस्थामा जोखिम व्यवस्थापन र नियन्त्रण प्रणालीलाई कमजोर बनाई सञ्चालकहरुको व्यक्तिगत लाभको लागी आफू अनुकुल निर्णय गरी गराई ,संस्थाबाटभएको अनियमति आर्थिक तथा वित्तीयकारोबारलाई लुकाउन छिपाउन रु.९,९९,२५०/(नौं लाख उनान्सय हजार दुई सय पचास) नगदै तथा जिन्सीको रुपमा IPHONE ७ लिएकोमा सोको अनुमानित मूल्य रु. ९०,०००/- (नब्वेहजार) समेत गरी जम्मारु.१०,८९,२५०.००(दश लाख उनान्नब्बे हजार दुई सय पचास) आपराधिक लाभ लिएको समेत देखिन आएबाट यी प्रतिवादी भुवन बस्नेतले बैंकिङकसुर सजाय ऐन २०६४ को दफा१४ वमोजिमको कसुर गरेको देखिएकोले निज प्रतिवादी भुवन बस्नेतलाई सोही ऐनकोदफा१५ को उपदफा (२) (ख) वमोजिम सजाय हुन साथै सोही ऐनको दफा १५ को उपदफा (२) बमोजिम सम्वन्धित कर्णाली विकास बैंक लि.लाई उल्लेखित बिगो भराई निज प्रतिवादीलाई बिगो बमोजिमको जरिवाना हुन भन्ने अभियोग माग दावी रहेको छ ।

१७.<u>प्रतिवादी भुवन बस्नेतले अनुसन्धानको क्रममा गरेको बयान:</u>

कर्णाली डेभलपमेण्ट बैंक लि.मा २०७५/०१/२७ गते देखी २०७५/०२/०२ गते सम्म स्थलगत अनुगमन निरीक्षणमा सहायक निर्देशक टेकराज भण्डारी टोली प्रमुख र सहायक निर्देशक राजन प्रसाद रेग्मी सदस्य भई खटिएका, म सो टोलीको सुपरभाईजर मात्र रहेको हुँदा म सो स्थलगत निरीक्षणमा खटिएर आएको थिईन । राष्ट्र बैंकमा नै रहेर रिपोर्ट लिएको थिए । निज टेकराज भण्डारी र राजन प्रसाद रेग्मी कर्णाली डेभलपमेण्ट बैंक लि.मा स्थलगत रुपमा निरीक्षणको लागी खटिई आई अनुगमन निरीक्षण गरी मलाई रिपोर्टिङ गर्ने गरेका थिए । म फिल्डमा प्रत्यक्ष रुपमा नखटिएको हुँदा टोली प्रमुख र सदस्यबाट प्राप्त भएको प्रतिवेदनमा चुक्ता पुँजी पुगेको भनी उल्लेख गरेको हुँदा सोही अनुसार प्रतिवेदन तयार भएको । साथै हाम्रो निरीक्षणको उदेश्य बिगतको निरीक्षणको प्रतिवेदनको कार्यान्वयनको पक्षको

एकिन गर्नको लागी खटिएको हुँदा अपचलनको विषय बस्तुको बारेमा नहेरिएको हो। सो कुरा बिस्तृत निरीक्षण टोलीले हेर्नु पर्ने हो । लेखा परीक्षण कुरा नेपाल राष्ट्र बैंकबाट हुने समष्टिगत स्थलगत निरीक्षण टोलीले हेर्ने गर्दछ । अनुगमनमा खटिने टोलीको कार्य दिन जम्मा ३ दिन मात्र रहेको हुँदा सबै कुरा नभ्याईने भएको हुँदा समष्टिगत स्थलगत निरीक्षण टोलीले हेर्ने गर्दछ । लेखा परीक्षण, Call Account हरुमा रहेको नगद मौज्दातहरु (Opening & closing Balance) जस्ता कुरा नेपाल राष्ट्र बैंकबाट हुने समष्टिगत स्थलगत निरीक्षण टोलीले हेर्ने गर्दछ । हामीले समयले भ्याए सम्म आकस्मिक रुपमा भल्टको निरीक्षण गर्ने गर्दछौं । म २०७५/११/०६ गते अवकाश हुनु भन्दा १ महिना अगाडी बिदा बसेको समयमा कर्णाली डेभलपमेण्ट बैंक लि.का कर्मचारीहरुलाई विहान ०८:०० बजे देखी साझ १६:४० बजे सम्म २ दिन सम्म तालिम दिएको थिए । सो भौचरमा उल्लेखीत रकम मध्ये सन् २०१९/०२/१३ मा उल्लेखित रकम रु. रु. १,००,०००.००(एक लाख)तालिम प्रदान गरे बापतको पारिश्रमिक हो र सन् २०१९/०२/०८ मा मेरो खातामा आएको रु. ५०,०००.००(पचास हजार)को सम्बन्धमा मेरो श्रीमती कविता के.सी.को नाममा रहेको बा ४ च ७८२६ नं.को सेन्ट्रो गाडी मैले २०७५ सालको माघ महिनामा राजेन्द्र वीर रायसँग मेरो गाडी बिक्री गर्ने कुरा गरेकोमा निज राजेन्द्र वीर रायले मेरो गाडी कर्णाली डेभलपमेण्ट बैंक लि. को नाममा रु.८,२५,०००.००(आठ लाख पच्चिस हजार) मा खरिद बिक्री गर्ने कुरा गरी मेरी श्रीमतीको नामको बा ४ च ७८२६ नं.को सेन्ट्रो गाड़ी बिक्री बापतको रु. ५०,०००.००(पचास हजार) मेरो खातामा जम्मा गरिएको हो । मेरो खातामा सन् २०२०/०९/०२ मा कर्णाली डेभलपमेण्ट बैंक लि.को खातामा रु. ४२,५००.०० र रु. ४२,५००.०० गरी रु.८५,०००.००(पचासी हजार) मैले कर्णाली डेभलपमेण्ट बैंक लि.का कर्मचारीहरुलाई प्रशिक्षण दिए बापतको पारिश्रमिक हो । सन् २०१९/०२/०७ मा मेरो खातामा जम्मा भएको रु. ७,४९,२५०.०० मेरो श्रीमतीको नामको गाडी बिक्री गरे बापतको रकम जम्मा गरिदिएको हो ।सन् २०१९/०२/०३ मा मेरो खातामा जम्मा भएको रु.१,००,०००.००(एक लाख) के कुन प्रयोजनको लागी जम्मा गरिदिएका हुन मलाई याद भएन ।सो भौचरमा प्रयोजन नखुलाई जम्मा गरिएको हुँदा मलाई याद भएन । मैले नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षण नियमावली २०७४(दोस्रो संशोधन २०८०) तथा नेपाल राष्ट्र बैंक कर्मचारी विनियमवाली २०६८ (तेस्रो संशोधन २०७४) बिपरितको कार्य गरेको छैन । एकाउण्ट पेयी चेक मार्फत गर्नु पर्ने अनिवार्य थियो । एकाउण्ट पेयी चेक मार्फत कारोबार नगरी सिधै मेरो खातामा जम्मा गर्नु कर्णाली डेभलपमेण्ट बैंक

लि.को गलत हो । म अवकाश पश्चात कर्णाली डेभलपमेण्ट बैंक लि.का कर्मचारीसँग अविच्छिन्न रुपमा सम्पर्कमा रहेको छैन भन्ने समेत बेहोरको बयान गरेका छन्।

१८. <u>प्रतिवादी भुवन बस्नेतले यस अदालत समक्ष गरेको बयान:</u>

नेपाल राष्ट्र बैंक निरिक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४(संशोधित २०८०) मा चार प्रकारका निरीक्षण गर्ने गरिन्छ। पहिलो समिष्टिगत निरिक्षण,दोस्रो लक्षित निरिक्षण,तेस्रो विशेष निरिक्षण र चौथो अनुगमन निरिक्षग गर्ने गरिन्छ। मैले कर्णाली बिकास बैंकको अनुगमन निरक्षणको सुपरभाईजरको भूमिका निर्वाह गरेको हुँ।म स्थलगत रुपमा आईन भन्ने वेहोरा लेखाउदै अन्य विषयमा मौकाको बयान मुताविकनै आफ्नो वयान वेहोरा लेखाएका छन।

१९. <u>अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरुले गरेको घटना विवरण कागज:</u>

१९.१ लक्ष्मी सनराईज बैंक लि. बर्दिबास शाखामा कार्यरत सारिका झाले मिसिल संलग्न रहेको २४ July २०२३, Ref No:- LS/NPJ-CSD/२४०७२३/२८५५२६ मा जारी भएको भनी जम्मा Balance NPR:- १९३,६५६,१९७.३९ रहेको Balance Certificate कीर्ते गरी तयार गरिएको हो । उक्त Balance Certificate बैंकबाट जारी भएको होईन । उक्त कीर्ते Balance Certificate मा बैंकबाट जारी भएको Balance हेर्न मिल्ने QR Code समेत हटाईएको छ । बैंक बाट जारी भएको सक्कल Balance Certificate मा Balance हेर्न मिल्ने QR Code रहेको छ भन्ने वेहोराको सोही बैंकमा कार्यरत हरीहर सुवेदी ले पनि सोही बेहोराको कागज गरेका छन ।

१९.२ हिमालयन बैंक लि. धम्बोजी नेपालगंज शाखामा कार्यरत राजेश बस्नेतले मिसिल संलग्न मिति २५.०७.२०२३ मा तयार पारिएको उक्त balance certificate नक्कली हो उक्त balance certificate मा भएको हस्ताक्षर समेत मेरो होइन । उक्त कीर्ते गरिएको balance certificate मा तत्कालिन शाखा प्रमुख शैलेन्द्र मान श्रेष्ठको समेत कीर्ते हस्ताक्षर गरीएको देखिन्छ,हाल निज बैंकबाट retire भइसक्नुभयो भन्ने बेहोराको कागज गरेका छन ।

१९.३ सोही बैंक लि. धम्बोजी नेपालगंज शाखामा कार्यरत अनिला श्रेष्ठले मिसिल संलग्न रहेको १६th July २०२३ मा CALL ACCOUNT, Account No:-२१९५५२१६५७००१४, Balance:NPR १३८,३५४,७९३.७३, CURRENT ACCOUNT Balance:NPR:५००० रहेको Balance Certificate कीर्ते गरी तयार गरिएको हो । उक्त Balance Certificate बैंकबाट जारी भएको होईन । सो किर्ते Balance Certificate मा भएको दस्तखत मेरो दस्तखत होईन भनी र सोही बैंकको न्यूरोड

नेपालगंज शाखामा कार्यरत लक्ष्मी पटनायकले(ना.प्र.नं. ६६२०११/२४७) ले मिसिल संलग्न रहेको १६th July २०२३ मा CALL ACCOUNT, Account No:-२१९५५२१६५७००१४, Balance:NPR १३८,३५४,७९३.७३, CURRENT ACCOUNT Balance:NPR:५००० रहेको Balance Certificate कीर्ते गरी तयार गरिएको हो । उक्त Balance Certificate वैंकबाट जारी भएको होईन । सो किर्ते Balance Certificate मा भएको दस्तखत मेरो दस्तखत होईन भन्ने बेहोराको कागज गरेकी छिन ।

१९.४ प्रभु बैंक लिमिटेड धम्बोजी नेपालगंज शाखामा कार्यरत मनोज सिंह खड्काले मलाई मिसिल संलग्न रहेको प्रभु बैंक लि.को Ref No: PRABHU/००५/००४४/२०२३ बाट सन् २४.०७.२०२३ मा जारी भएको मिति १६ th July २०२३को balance certificate मा कर्णाली डेभलपमेण्ट बैंक लि.को Current account, Account No:- ००५०००९८९३१०००२८ मा Balance: NPR ००५०००९८९३१०००१६मा Balance:NPR: ३३३,९०९,४८२.०१ रहेको Balance Certificate देखाउँदा देखिपाएँ । मलाई देखाइएको उक्त balance certificate कीर्ते हो । उक्त balance certificateमा भएको व्यहोरा तत्कालिन अवस्थामा प्रभु बैंकबाट जारी भएको होइन साथै सो किर्ते balance certificate मा प्रयोग भएको प्रभु बैंकको छाप प्रभु बैंक नेपालगञ्ज शाखाले प्रयोग गर्ने छाप होइन । उक्त balance certificateमा भएको कुनैपनि हस्ताक्षर समेत मेरो होइन भनी र प्रभु बैंक लिमिटेड कोहलपुर शाखामा कार्यरत बसन्ती चन्दले मलाई मिसिल संलग्न रहेको प्रभु बैंक लि.को Ref No: PRABHU/००५/००४४/२०२३ बाट सन् २४/०७/२०२३ मा जारी भएको मिति १६ th July २०२३को balance certificate मा कर्णाली डेभलपमेण्ट बैंक लि.को Current account, Account No:- ००५०००९८९३१०००२८ मा Balance: NPR ५००० र Ref No: PRABHU/००५/००४३/२०२३ CALL ACCOUNT, account no.: ००५०००९८९३१०००१६मा Balance:NPR: ३३३,९०९,४८२.०१ रहेको Balance Certificate देखाउँदा देखिपाएँ । मलाई देखाइएको उक्त balance certificate कीर्ते हो । उक्त balance certificateमा भएको व्यहोरा तत्कालिन अवस्थामा प्रभु बैंकबाट जारी भएको होइन साथै सो किर्ते balance certificate मा प्रयोग भएको प्रभु बैंकको छाप प्रभु बैंक नेपालगञ्ज शाखाले प्रयोग गर्ने छाप होइन । उक्त balance certificateमा भएको कुनैपनि हस्ताक्षर समेत मेरो होइन भन्ने बेहोराको कागज गरेकी छिन ।

१९.५ सानिमा बैंक लिमिटेड कोहलपुर शाखामा कार्यरत सीमा के.सी.ले मलाई मिसिल संलग्न रहेको सानिमा बैंक लि.को ref no : SAN/१७/३३८४/२०८०/८१बाट मिति २५-jul-२०२३मा मिति १६-jul-२०२३को balance certificate मा कर्णाली डेभलपमेन्ट बैंकको account no: १७०१००१००००३६५ मा रु. १००० र account no: १७०१०५१०००००४४मा रु.१८७,२४६,६८२.२९ गरि जम्मा रु.१८७,२४७,६८२.२९ उल्लेख भएकोमा उक्त Balance Certificate देखाउँदा देखिपाएं । मलाई देखाइएको उक्त balance certificate कीर्ते हो । उक्त balance certificateमा भएको व्यहोरा तत्कालिन अवस्थामा सानिमा बैंकबाट जारी भएको होइन । उक्त किर्ते balance certificate मा सानिमा बैंकबाट प्रदान गरिने QR समेत उल्लेख भएको छैन भन्ने बेहोराको र सोही बैंकमा कार्यरत अर्तिका पतिले मलाई मिसिल संलग्न रहेको सानिमा बैंक लि.को ref no : SAN/१७/३३८४/२०८०/८१बाट मिति २५-jul-२०२३मा मिति १६-jul-२०२३को balance certificate मा कर्णाली डेभलपमेन्ट बैंकको account no: १७०१००१००००३६५ मा रु. १००० र account no: १७०१०५१०००००४४मा रु.१८७,२४६,६८२.२९ गरि जम्मा रु.१८७,२४७,६८२.२९ उल्लेख भएको उक्त Balance Certificate देखाउँदा देखिपाएँ । मलाई देखाइएको उक्त balance certificate कीर्ते हो । उक्त balance certificateमा भएको व्यहोरा तत्कालिन अवस्थामा सानिमा बैंकबाट जारी भएको होइन । उक्त किर्ते balance certificate मा सानिमा बैंकबाट प्रदान गरिने QR समेत उल्लेख भएको छैन भन्ने बेहोराको कागज गरेकी छिन ।

१९.६ सिद्धार्थ बैंक लि.नेपालगंज शाखामा शाखा प्रमुखको रुपमा कार्यरत किरण राना मगरले मिसिल संलग्न रहेको २५ July २०२३, मा Ref No:- SBL/०२०/२५०७२३/०२०१६०९७/६५१८ बाट कर्णाली डेभलपमेण्ट बैंक लि.को खाता नं. ०१५१५०९०३२३ मा Balance:NPR १६९,५६४,४७७.०२ रहेको भन्ने Balance certificate किर्ते गरी तयार गरिएको हो । उक्त कीर्ते Balance Certificate मा बैंकबाट जारी भएको Balance हेर्न मिल्ने QR Code समेत हटाईएको छ । बैंक बाट जारी भएको सक्कल Balance Certificate मा Balance हेर्न मिल्ने QR Code रहेको छ भन्ने बेहोराको कागज गरेकाछ्न । सोही बेंकको अप्रेशन प्रमुखको रुपमा यज्ञ बहादुर के.सी. ले मिसिल संलग्न रहेको २५ July २०२३, मा Ref No:- SBL/०२०/२५०७२३/०२०१६०९७/६५१८ बाट कर्णाली डेभलपमेण्ट बैंक लि.को खाता नं. ०१५१५०९०३२३ मा Balance:NPR

१६९,५६४,४७७.०२ रहेको भन्ने Balance certificate किर्ते गरी तयार गरिएको हो । उक्त कीर्ते Balance Certificate मा बैंकबाट जारी भएको Balance हेर्न मिल्ने QR Code समेत हटाईएको छ । बैंक बाट जारी भएको सक्कल Balance Certificate मा Balance हेर्न मिल्ने QR Code रहेको छ भन्ने बेहोराको कागज गरेका छन ।

१९.७ बुझिएका रमेश गन्धर्वले म कर्णाली डेभलपमेन्ट बैंकमा बि.सं. २०७४/०६/०६ गते देखि हेल्परको रुपमा कार्यरत रहेको छु । म हाल कर्णाली डेभलपमेन्ट बैंकको प्रधान कार्यालयमा हेल्परको रुपमा कार्यरत रहेको छु । म हेल्परको रुपमा कार्यरत रहँदा बैंकमा सरसफाइको काम गर्ने, साथै कर्णाली डेभलपमेन्ट बैंकको खाता रहेको बिभिन्न बैंकहरुबाट ब्यालेन्स सर्टिफिकेट तथा स्टेटमेन्टहरु ल्याउने कार्य गर्दथें । विभिन्न समयमा मलाई निरज बिक्रम शाहले यसरी पटक पटक बोलाइ हाल याद नभएको क्यास रकम दिइ निजको एनएमवि बैंक र एभरेष्ट बैंकको खातामा जम्मा गर्न पठाउनु हुन्थ्यो । राजेन्द्र बीर राय, दिनेश कुमार रावत, बेद प्रकाश सिंह ठकुरी, निरज बिक्रम शाह लगायत मिलि उक्त बैंकको रकम अपचलन गरेको जस्तो लाग्छ । मलाई पहिले मैले ल्याएको ब्यालेन्स सर्टिफिकेट किर्ते गरेको भन्ने विषय जानकारी थिएन भन्ने बेहोराको कागज गरेका छन ।

१९.८ बिकास बि.क.ले म ३ वर्ष करारमा कार्यालय सहयोगीको रुपमा काम गरेपश्चात मिति २०७६।०२।०१ गते अस्थायीमा नियुक्ती भई मिति २०७६/०८/०१गते स्थायी भई कर्णाली डेभलपमेन्ट बैंक लि.मा काम गर्दै आएको छु , मालपोत कार्यालयहरुमा जग्गा रोक्का तथा फुकुवाको काम गर्न खटि गई काम गर्ने, यातायात कार्यालयहरुमा सवारी साधन रोक्का तथा फुकुवाको लागी खटि गई काम गर्ने, कर्णाली डेभलपमेन्टबैंक लि.को खाता रहेको बैंकहरुमा गई ब्यालेन्स सर्टिफिकेट लिन गई ब्यालेन्स सर्टिफिकेट ल्याउने काम गरेको हो ।हाल थाहा पाएअनुसार सो सबै रकम कर्णाली डेभलपमेन्ट बैंक लि.मा भएको नगद रकम अपचलन गरेका रहेछन भन्ने एकिन भएको हो । प्रभु बैंक लि.मा रहेको कर्णाली डेभलपमेन्ट बैंक लि.को खातामा रहेको मौज्दात खुल्ने ब्यालेन्स सर्टिफिकेट समेत रमेश गन्दर्भले बुझेको रहेछन सो ब्यालेन्स सर्टिफिकेट किर्ते गरी नयाँ बनाउने गरेको भन्ने कुरा नेपाल राष्ट्र बैंकका सरहरुले सानिमा बैंक लि. पछि ब्यालेन्स सर्टिफिकेट लिन गएको अवस्थमा अ.२ लाख हुनु पर्नेमा करोडमा उल्लेख गरेको देखी थाहा भएको हो । Balance Certificateतयार गरी बैंकमा रहेको नगद रकम समेत निकाली, अ.रु.२ अर्ब हिनामिना

गर्ने कार्यमा राजेन्द्र वीर राय, दिनेश कुमार रावत, निरज बिक्रम शाह, दिपा थापा, बेद प्रकाश सिंह ठकुरी समेतका अन्य संलग्न कर्मचारीहरुलाई समेत कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको कागज गरेका छन ।

१९.९ चारिस भाटले म २०७८ साल तिर यस बैंकका ऋणी तिलक वि.क.को गाडी चलाउने काम गर्दथे । सोही कारण तिलक वि.क.लाई गाडीमा लिएर प्रायजसो कर्णाली डेभलपमेण्ट बैंक लि.मा गई रहन्थे । दिनेश कुमार रावतको नामको ००१००१०१८००००१७८८००००००७ खाताको रु.२३,००,०००।–(तेईस लाख) रकम उल्लेख भएको चेक नं. ०००२२५०६८१"९२१,मलाई तिलक वि.क.ले कर्णाली डेभलपमेण्ट बैंक लि.बाट रकम झिकी ल्याउनु भनी दिएका थिए । उक्त चेक मैले कर्णाली डेभलपमेण्ट लि.को केन्द्रीय कार्यालयको रकम भुक्तानी लिने स्थान(Cash) मा लगी सो चेक साटी चेकमा उल्लेखित रकम रु. रु.२३,००,०००।–(तेईस लाख) भुक्तानी लिई आई तिलक वि.क.लाई दिएको हुँ । राजेन्द्र वीर रायसमेत बैंकका कर्मचारीहरु मिली कर्णाली डेभलपमेण्ट बैंकमा जम्मा भएको रकम हिनामिना गरेको भन्ने सुनेको हुं भन्ने समेत व्यहोराको कागज गरिदिएका छन।

१९.१० मन बहादुर थापा ले म कर्णाली डेभलपमेन्ट बैंकमा वि.सं. २०६३ साल देखि सेक्युरिटि गार्डको रुपमा कार्यरत रहेको छु । मेरो जिम्मेवारी सुरक्षा प्रदान गर्नु मात्र भएकोले को कसले रकम हिनामिना गरे भन्ने विषयमा मलाई जानकारी भएन । कर्णाली डेभलपमेन्ट बैंकका कर्मचारीहरु मिलि रकम हिनामिना गरेको भन्ने विषयमा राष्ट्र बैंकको कर्मचारीहरु संचालक भई आएपछि मात्र थाहा जानकारी प्राप्त गरेको थिएँ । राजेन्द्र वीर राय, निरज विक्रम शाह, दिनेश कुमार रावत र बेद प्रकाश सिंह ठकुरीले उक्त बैंकको रकम हिनामाना गरेको भन्ने सुनेको थिएँ भन्ने समेत व्यहोराको कागज गरेका छन ।

१९.११ स्वेता बिष्टले NRB RTGS Accountको रिकन्सिलेशन गर्ने काम मान बहादुर चौधरीको भएको तथा चेक Clearing मार्फत गरिने कारोबार मिलाउने सम्पूर्ण जिम्मेवारी गौमती गुरुङको भएकाले सो मार्फत कुनै गैहृकानूनी गतिविधी भएको भए सोको जिम्मेवार निजहरु नै हुनुपर्छ, बैंकहरु खाताको कारोबार GL संग मेल खाए नखाएको मिलाउने जिम्मेवारी मन कुमारी चौधरीको रहेको, NRB को रिपोर्टिङ गर्ने काम सुनिल श्रीवास्तवको समेत रहेको थियो, हाल आएर कर्णाली डेभलपमेन्ट बैंकको व्यवस्थापन नेपाल राष्ट्र बैंकले लिए पश्चात नगद

रकम अपचलन गरेको भन्ने थाहा भएको हो ,सो कार्यमा राजेन्द्र वीर राय, निरज विक्रम शाह, दिनेश कुमार रावत समेत संलग्न रहेको भन्ने थाहा भएको हो भन्ने वहोराको कागज गरेकीछिन।

१९.१२ पुकार पछाईले म कर्णाली डेभलपमेन्ट बैंकमा वि.सं. २०७७ पुस महिना देखि जुनियर सहायकको रुपमा कार्य प्रारम्भ गरी हाल बरिष्ठ सहायकको रुपमा कार्यरत रहेको छु ।म वि.सं. २०७९ असार देखि कर्णाली डेभलपमेन्ट बैंकको केन्द्रिय कार्यालयको SIS Reporting Departmentमा कार्यरत रहेको छु । उक्त बिभागमा मेरो जिम्मेवारी दैनिक रुपमा बैंकमा रहेको क्यास, NRB ब्यालेन्स, डिपोजिट, अन्य बैंकको खातामा रहेको रकम, कर्जा आदि नेपाल राष्ट्र बैंकमा Supervision Information System(SIS) मार्फत रिपोर्टिङ् गर्नु हो । तत्कालिन अवस्थामा निरज विक्रम शाहले मलाई विभिन्न रिपोर्टका विवरणहरु परिवर्तन गर्न भने बमोजिम उक्त विवरण मैले परिवर्तन गरी राष्ट्र बैंकमा पठाउने गरेको थिएँ । मलाई उक्त समयमा निरज विक्रम शाहले NRB ब्यालेन्स परिवर्तन गर्न लगाए बमोजिम परिवर्तन गरी पठाउने गरेको थिएँ भन्ने वेहोराको कागज गरेका छन.

१९.१३ मिथलेस कुमार यादवले कर्णाली डेभलपमेन्ट बैंक लि.मा २०७८/०४/०१ गते अस्थायी नियुक्ती लिई मिति २०७८/१०/०१ गते स्थायी नियुक्ती लिई ऋण शाखामा कनिष्ठ सहायक पदमा कार्यरत रहेको छु । कार्यकारी अधिकृतको रु. ५० लाख सम्म ऋण स्वीकृत गर्ने अधिकार रहेकोमा हाल निरज बिक्रम शाह कार्यकारी अधिकृत भएपश्चात डा. ओम प्रकाश मिश्रा अध्यक्ष भएपश्चात सो लिमिट बढाएर ४ करोड बनाएको थिए । नेपाल राष्ट्र बैंकले व्यवस्थापन जिम्मा लिएको अवस्थामा निष्कृयकर्जाप्रतिशत-४१% रहेको थियो, संस्थामा रहेको ठूला ऋणहरु आर्थीक अवस्था नभएका ब्यक्तिहरुको (जस्तै हिल्सा/ DNT/प्रतिक इन्डष्टिज / माया राम चौधरी/ रासी पोलिमर्स) नाममा कम्पनी खडा गरी ऋण प्रदान गर्ने गरिएको तथा सो ऋणको रकम राजेन्द्र वीर राय, दिनेश कुमार रावत, निरज विक्रम शाह, निसार अहमद दर्जी, तिलक वि.क. समेतले उपभोग गर्ने गरेको, धितो नभएको अवस्थामा जग्गा खरीद गरी ऋणिको नाममा जग्गा आएपश्चात धितो लिने गरी ऋण स्वीकृत गराई कर्जाको दुरुपयोग गराउने समेतगरी मिलेमतोमा ऋण दिने लिने कार्य गर्ने गरेको, एक कम्पनीको धितोलाई अर्को कम्पनीको नाममा ट्रान्सफर गरी गराई पुन : धितो लिई मिलेमतोमा पुरानो ऋण सेटलमेन्ट गर्ने नयाँ ऋण बनाउने सोही प्रकृयाबाट BAD

LOAN घटाउने / निष्कृय कर्जा प्रतिशत घटाउने र नेपाल राष्ट्र बैंक समेतलाई झुटा रिपोटिङ गर्ने कार्य भईरहेको अवस्थामा संस्थाको अवस्था नाजुक भएकोमा नेपाल राष्ट्र बैंकले व्यवस्थापन नियन्त्रणमा लिएको रहेछ भन्ने बेहोराको कागज गरेकाछन ।

१९.१४ अमृता रानाले म कर्णाली डेभलपमेन्ट बैंकमामिति २०७९ श्रावणबाट देखी जुनियर सहायक पदमा कार्यरत रहेको थिए, म सो पदमा कार्यरत रहेको अवस्थामा शुरुको अवस्थामा रेमिट्रान्समा काम गरेको थिए, सो पश्चात म CASH मा काम गर्न लागेको थिए । अनुसन्धानको क्रममा WithdrawalSlips मार्फत रकम दिएको देखिने WithdrawalSlips देखाउदा देखी पाए ,सोही किसिमको सिल्प प्रयोग गरी म कार्यरत रहेको अवस्थामा भुक्तानी दिएको थिएन,निरज विक्रम शाह,विनोद चौधरीले सेतो कागजमा रकम उल्लेख आएकोमा भुक्तानी दिने गरिएको थियो । यसरी नै कहिले काँही खातामा रकम नभएको चेकहरु समेत राखी पछि खातामा रकम आउछ, हाललाई भुक्तानी दिनु भनी आदेश भएबमोजिम खातामा रकम नभएको अवस्थामा समेत भुक्तानी दिने गरिएको थियो, कहिले काँही हिसाव नमिले अवस्थामा मान बहादुर चौधरी तथा नर्जित बस्नेतको आदेश बमोजिम सिष्टममा हिसाव मिलान गर्ने समेत गरिएको थियो, रेमिट्रान्स रकम कर्मचारीहरुले आफ्नो खातामा जम्मा गरी गराई सोही रकम अपचलन गरी सो वापत भुक्तानी दिनुपर्ने रकम संस्थाबाट भुक्तानी दिने गरेको समेंत हाल आएर थाहा भएको थिए, कहिले काँही ठूलो रकमको भौचरहरु ऋणिहरु लिएर आउेन तर रकम लिएर नआउने गरेकोमा सो सम्वन्धमा मलाई निरज विक्रम शाहले फोन गरी रकम नलिएको अवस्थामा समेत भौचरमा दस्तखत गरी छाप समेत लगाई पठाउने गरिएको थियो, कहिले काँही बैंकका हेल्परहरु बिकास बि.क. तथा रमेश गन्दर्भ समेतलाई निरज विक्रम शाहले आदेश गरेबमोजिम चेकमा रकम नभएको अवस्थामा नगद लैजाने गरेका थिए, Cash को बुझबुझारथ गर्दा Vault को मौज्दात,CASH BOOK, VAULT BOOK, CASH IN TRANSIT , KYE BOOK समेत विवरण एकिन गरी Vault को चाँबी समेत बुझाउने तथा बुझ्ने गरिएको थियो, भन्ने बेहोराको कागज गरेकी छिन ।

१९.१५ निर्मला भण्डारीले म कर्णाली डेभलपमेन्ट बैंकमामिति २०७७ /१२/०१गते अस्थायी रुपमा कनिष्ठ सहायक पद सेवा प्रवेश गरी मिति २०७८/०६/०१ गते स्थायी भई हालसम्म कार्यरत रहेको छु । नेपाल राष्ट्र बैंकवाट यस बैंकको व्यवस्थापन जिम्मा लिई DDA गर्दा थाहा भएअनुसार निरज बिक्रम शाह, राजेन्द्र वीर राय, दिनेश कुमार रावत,पशुपति

दयाल मिश्र समेत भई अन्य कर्मचारीहरुलाई परिचालन गरी गराई अन्य बैंकमा रहेको नगद बैंकमा ल्याउने सो रकम सिष्टममा नचढाई आफुखुशी लिई जाने गरेको,अपचलन गरेको रकम मिलाउन किर्ते मौज्दात सर्टिफिकेट समेत बनाई मिलाउने गरेको भन्ने थाहा भएको हो, भन्ने वेहोराको कागज गरेकी छिन ।

१९.१६ प्रकाश गौतमले कोहलपुरमा पवित्रा एण्ड सर्जन फेन्सि तथा किराना स्टोर र डिग्रे शाही कुमारी रियल स्टेट प्रा.लि.कम्पनी खोली व्यवसाय तथा जग्गाको खरीद बिक्री समेतको काम गर्दै आएको छु । जग्गाको खरीद बिक्री गर्ने क्रममा निज दिनेश कुमार रावतसँग भेटघाट भई निजको नाममा रहेको बाँकि चटार -८ (ग) कि.न. ३४२२ र ३४२१ क्षेत्रफल १०कठ्ठा १३ धुर जग्गा रु. १ करोड ३८ लाखमा मेरो श्रीमित सुनिता सिंह ठकुरी गौतमको नाममा खरीद गरेको हुँ । सो जग्गा खरीद गर्न सहमती गरेपश्चात ग्राहकहरु खोजी ग्राहकहरुवाट समेत बैना लिई,कुनै ग्राहकलाई सोझै दिनेश कुमार रावतको खातामा समेत रकम हाल्न लगाई रकमको व्यवस्था गरी सो रकम जग्गा खरीद गरेको हुँ । कर्णाली डेभलपमेन्ट बैंक लि.मा निक्षेप अपचलन गर्ने कार्यमा संलग्न रहेको दिनेश कुमार रावत समेतलाई कानुनी दायरामा ल्याई कडा भन्दा कडा कारबाही गर्नु पर्छ भन्ने समेत व्यहोरा कागज गरेकाछन ।

१९.१७ यसका अतिरिक्त अनुसन्धानको क्रममा उर्वशी थापा, उपमा थापा, बि.लामा एसोसियट्सका संचालक बसन्त लामा, सरमिला कुमारी महतारा, शिव सापकोटा, नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक वर्ष ६५ की विजया क्षेत्री र गिरिजा प्रसाद पाठक समेतले गरिदिएको घटना विवरण कागज मिसिल संलग्न रहेको छ।

२०.<u>बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा भएको कानूनी व्यवस्था:</u>

दफा २२. सञ्चालक समितिको काम,कर्तव्य र अधिकारः

(१) बैङ्क वा वित्तीय संस्थाको साधारण सभाबाट हुने काम बाहेक यस ऐन,प्रचलित कानून,प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैङ्क वा वित्तीय संस्थाले गर्नु पर्ने सम्पूर्ण काम,कर्तव्य र अधिकार सञ्चालक समितिमा निहित रहनेछ ।

(२) बैङ्क वा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हितमा बैङ्क वा वित्तीय संस्थाको सञ्चालन गर्नु एवं बैङ्क वा बित्तीय संस्थामा

उपयुक्त संस्थागत सुशासन कायम गरी निक्षेप लिने, कर्जा दिने, लगानी गर्ने, कर्मचारी व्यवस्थापन गर्ने र बजेट खर्च गर्ने जस्ता बैङ्क वा वित्तीय संस्थाको दैनिक काम कारोबारमा हस्तक्षेप नगर्ने विषयको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछभन्ने व्यवस्था रहेकोमा यी प्रतिवादीले बैङ्क वा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हितमा मात्र संस्थाको दैनिक काम कारोबारमा हस्तक्षेप नगर्नु पर्ने व्यवस्था रहेकोमा बैङ्क वा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हित विपरीतको कार्यमा आफु समेत संलग्न रहेकोमा सोही अनुसार आफ्नो जिम्मेबारी निर्वाह नगरेको देखिन्छ ।

३. सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैङ्क वा वित्तीय संस्थाले गर्नु पर्ने काम सुव्यवस्थित रुपले सञ्चालन गर्न यस ऐन, प्रचलित कानून तथा राष्ट्र बैङ्कको निर्देशनको अधीनमा रही आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाई लागू गर्ने,

(ख) बैङ्क वा वित्तीय संस्थाको कारोबारमा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन आफ्नो नीति र रणनीति अनुरुप बैङ्किङ्ग तथा वित्तीय कारोबार यय होसियारीपूर्वक सञ्चालन गर्न आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापन मापदण्ड तयार गरी लागू गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाले गर्न पर्ने सम्पूर्ण काम कारवाहीको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, काम कारबाहीको नियमित अनुगमन गरी बैङ्क वा वित्तीय संस्था व्यवस्थित र विवेकशील तवरबाट सञ्चालन गर्ने गराउने,

(घ) बैङ्क वा वित्तीय संस्थाको स्पष्ट संगठनात्मक संरचना तयार गर्ने, नीति तर्जुमा गर्ने र कार्यान्वयन गर्ने,

(ङ) बैङ्क वा वित्तीय संस्थाको वार्षिक प्रतिवेदन सहितको लेखापरीक्षण प्रतिवेदन वार्षिक साधारण सभामा पेश गर्ने,

(च) राष्ट्र बैङ्कले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने समेतको जिम्मेवारी यी सञ्चालक समेतको रहेको देखिन्छ ।

दफा २३: सञ्चालकको जवाफदेही र उत्तरदायित्वः

(१) सञ्चालकले बैङ्क वा वित्तीय संस्था मार्फत वा बैङ्क या वित्तीय संस्थाको कामको सिलसिलामा व्यक्तिगत लाभलिने कुनै काम गर्न गराउन हुँदैन ।

(२) बैङ्क वा वित्तीय संस्थाको सञ्चालकको हैसियतले काम गर्ने सञ्चालक आफ्नो अधिकारक्षेत्र नाघी गरेको कुनै पनि काम कारवाही प्रति स्वयं उत्तरदायी हुनेछ ।

(३) बैङ्क वा वित्तीय संस्थाको सञ्चालकले संस्थाको कुशल व्यावसायिक रणनीतिको अवलम्बन गरी जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण गर्ने सम्बन्धमा उत्तरदायित्व लिनु पर्नेछ ।

(४) सञ्चालकले बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन

(५) सञ्चालकले राष्ट्र बैङ्कले समय समयमा दिएको निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ भनी कानूनी व्यवस्था रहेकोमा सोही व्यवस्था विपरीतको कार्य गरेको देखिन्छ ।

दफा ३०. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारः

(१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रवन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बैङ्क वा वित्तीय संस्थाको काम कारवाही तथा कारोवारको रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) बैङ्क वा वित्तीय संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने

(ग) बैंक वा वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) यस ऐन र राष्ट्र बैङ्कको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैङ्क वा वित्तीय संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(च) यस ऐन, राष्ट्र बैङ्कको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैङ्क वा वित्तीय संस्थाले राष्ट्र बैङ्क वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(छ) निक्षेपकर्ता, शेयरधनी तथा बैङ्क वा वित्तीय संस्थाको उच्चतम हित हुने गरी सञ्चालन गर्ने,

(ज) सञ्चालक समितिले निर्धारण गरेको नीति अन्तर्गत रही उच्च व्यवस्थापत्रको लागि उचित मापदण्ड लागू गर्ने ।

(२) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त सञ्चालक समितिप्रति उत्तरदायी हुनेछ भनी उल्लेख भएकोमा यी प्रतिवादी सोही विपरीतको कार्य गरी गराई बैंकको सम्पत्ति अपचलन गरेको देखिन्छ ।

२१. प्रतिवादीहरु उपर लगाईएको आरोप र हुने सजायसँग सम्बन्धित कानूनी व्यवस्था:

वैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४:

दफा ७: अनधिकृत रुपमा कर्जा लिन वा दिन नहुने: कसैले पनि बैङ्क वा वित्तीय संस्थाबाट कर्जा लिंदा वा दिंदा देहायको कार्य गर्नु हुँदैन :-

(क) गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिन वा दिन,

(ख) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी कर्जा लिन वा दिन,

(ग) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी कर्जा लिन वा दिन,

(घ) आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमा भन्दा बाहिर गई कर्जा, सुविधा वा सहुलियत प्राप्त गर्न वा उपलब्ध गराउन,

(घ१) बैङ्क वा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले सो बैङ्क वा वित्तीय संस्थाको प्रचलित कर्मचारी प्रशासन सम्बन्धी विनियमावली वा प्रचलित कर्मचारी सापटी वा सुविधा सम्बन्धी विनियमावली बमोजिम पाउने कर्मचारी सुविधा अन्तर्गतको कर्जा वा सापटी बाहेक अन्य तवरले आफ्नो बैङ्क वा वित्तीय संस्थाबाट कर्जा वा सापटी लिन,

(घ२) बैङ्क वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रचलित कानून वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी वा त्यस्तो व्यक्तिको परिवारका सदस्यले आफ्नो बैङ्क वा वित्तीय संस्थाबाट कर्जा लिन,

तर मुद्दती रसिद, सुन वा सरकारी ऋणपत्रको सुरक्षणमा कर्जा लिन उल्लिखित व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन।

(ङ) कुनै एक बैङ्क वा वित्तीय संस्थालाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैङ्क वा वित्तीय संस्थामा राखी पुनः कर्जा लिन वा दिन,

तर सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तीयकरण सम्बन्धी प्रचलित कानून बमोजिम दोश्रो हक कायम (पारिपासु) हुने गरी कर्जा दिन वा लिन यो बन्देज लागू हुने छैन ।

(च) व्यवसाय सञ्चालन गर्न सक्ने वित्तीय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था संस्थापना गराई त्यस्तो संस्था मार्फत वा नक्कली ऋणी खडा गरी त्यस्तो

ऋणी मार्फत कर्जा लिन वा त्यस्तो कुरा जानी जानी कर्जा दिन वा कर्जा लिने वा दिने कार्य गर्न वा गराउन ।

(छ) ग्राहकको कारोबारको तुलनामा आवश्यकता भन्दा बढी कर्जा दिन,

(ज) कर्जा सुविधा उपलब्ध गराए बापत कुनै किसिमको अनुचित लाभ लिन वा दिन ।

(झ) बैङ्क वा वित्तीय संस्थाका संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणी खडा गरी त्यस्तो ऋणको पुरै वा आंशिक रकमको भुक्तानी लिन वा दिन,

(ञ) बैङ्क वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको नाममा कुनै प्रकारको ऋण प्रवाह गर्न ।

दफा ८. कर्जाको दुरुपयोग गर्न नहुने: कसैले पनि बैङ्क वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु हुँदैन ।

दफा ९. बैङ्किङ्ग स्रोत, साधन र सम्पत्तिको दुरुपयोग गर्न नहुने : (१) बैङ्क वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रचलित कानून बमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ्ग एजेण्ट वा सम्बद्ध व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिका परिवारका सदस्यले बैङ्क वा वित्तीय संस्थाबाट सुविधा लिई वा अन्य कुनै तरिकाले बैङ्क वा वित्तीय संस्थाको स्रोत र साधनको दुरुपयोग गर्न हुँदैन । तर

(१) बैङ्क वा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले प्रचलित कानून बमोजिम कर्मचारी सुविधा अन्तर्गतको कर्जा वा सापटी लिन बाधा पुर्‍याएको मानिने छैन ।

(२) नजिकको नातेदारलाई बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिको स्वीकृति लिई कर्जा वा सुविधा दिन बाधा पर्ने छैन ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि,-

(क) "परिवारका सदस्य" भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनु पर्छ ।

(ख) "नजिकको नातेदार" भन्नाले भिन्न भएका दाजु, भाई, भाउजु, बुहारी, विवाहिता दिदी, बहिनी, भिनाजु, ज्वाईं, भतिजा, भतिजी, साला, साली, सासु, ससुरा, काका, काकी, मामा, माईजु, भाञ्जा, भाञ्जी, नाति, नातिनी, नातिनी बुहारी, नातिनी ज्वाईं सम्झनु पर्छ ।

(२) कसैले पनि निक्षेपकर्ता वा बैङ्क वा वित्तीय संस्थाको हित प्रतिकुल हुने गरी बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति खर्च गर्न गराउन हुँदैन ।

(३) कसैले पनि गैर बैङ्किङ्ग सम्पत्ति लगायत बैङ्क वा वित्तीय संस्थाको अन्य सम्पत्ति लिलाम विक्री गर्दा वा अन्य कुनै कारोबार गर्दा कुनै आर्थिक अनियमितता गर्नु हुँदैन ।

दफा १२. कागजात वा खाता बही सच्याई कीर्ते वा जालसाजी गरी हानि नोक्सानी पुर्‍याउन नहुने : कसैले पनि बैङ्क वा वित्तीय संस्थाको कुनै कागजात वा खाता बहीमा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गर्न हुँदैन।

दफा १२क. बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई झुक्याई काम कारोबार गर्न नहुने : (१) कसैले बैङ्क वा बित्तीय संस्था वा सहकारी संस्था वा संघको स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलोमतो वा जाल परिपञ्च गरी वा हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने कीर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्टा कुरालाई साँचो हो भनी झुक्याई वा अरु जुनसुकै व्यहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको हकको चल अचल सम्पत्ति लिनु दिनु दिलाउनु वा बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था कवा संघको सम्पत्ति मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही सम्पत्ति लिनु दिनु बिक्री व्यवहार गर्ने वा सट्टापट्टा गरी बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई हानि नोक्सानी पुर्‍याउनु हुँदैन ।

(२) कसैले कुनै व्यहोराको झुट्टा, जालसाजपूर्ण कथन, प्रतिज्ञा वा अन्य कुनै तवरबाट बैङ्क वा वित्तीय संस्थालाई नोक्सानी पुग्ने गरी सो बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको नियन्त्रण वा संरक्षण वा स्वामित्वमा रहेको नगद रकम, कोष, सुरक्षणपत्र वा अन्य चल, अचल सम्पत्ति प्राप्त गर्न वा त्यस्तो सम्पत्ति माथि दखल पुर्‍याउन वा नियन्त्रणमा लिन वा त्यस्तो योजनालाई कार्यान्वयन गर्न सहयोग पुर्‍याई बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई हानि नोक्सानी पुर्‍याउनु हुँदैन।

(३) कसैले कुनै व्यहोराको गलत वा झुट्टा बिवरण वा प्रतिज्ञाको आधारमा बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघसँग कुनै कारोबार गर्न वा आफ्नो नाम ढाँटी सो नाम मेरो होइन, अर्कैको हो भनी र अर्को मानिसको नामलाई मेरो हो सो मानिस मै हुँ भनी वा त्यस्तो कुरा अर्काबाट जानी बुझी भनाउनु, भनी दिनु इत्यादि जुनसुकै कुरो गरी कसूरको सजायबाट बच्नका लागि वा बेइमानीको नियतले धोका गफलत वा झुक्यानमा पारी बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई कुनै पनि तवरले हानि नोक्सानी पुर्‍याई आफू वा अरु कसैलाई लाभ हुने कार्य गर्न हुँदैन ।

दफा १३. बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तीय बिवरण तयार गर्न नहुनेः (१) कर्जाको धितो स्वरुप बैङ्क वा वित्तीय संस्थामा राखिने चल अचल सम्पत्ति वा गैर बैङ्किङ्ग सम्पत्तिको रुपमा रहेको बैङ्क वा वित्तीय संस्थाको चल अचल सम्पति लिलाम बिक्री वा बैङ्क वा वित्तीय संस्थाको अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा सम्वन्धित मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गर्नु हुँदैन ।

(२) मूल्याङ्कनकर्ताले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको सम्पत्तिको मूल्याङ्कन गर्नु हुँदैन ।

(३) बैङ्क वा वित्तीय संस्थाबाट कर्जा वा सुविधा प्राप्त गर्ने प्रयोजनका लागि कुनै व्यक्ति, फर्म वा कम्पनी वा संस्थाले एउटै मिति वा अवधिको अलग अलग वित्तीय विवरण तयार गर्न वा गर्न लगाउन हुँदैन ।

(४) लेखापरीक्षकले कुनै व्यक्ति वा संस्थाको नेपाल सरकार, विदेशी दातृ निकाय वा अन्य निकायमा पेश गर्ने एउटै मिति वा अवधिको वित्तीय बिवरणमा आफ्नो राय तथा व्यहोरा नखुलाई वित्तीय विवरणहरु फरक पर्ने गरी प्रमाणित गर्नु हुँदैन।

दफा १४ .अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्न गराउन नहुनेः बैङ्क वा वित्तीय संस्थालाई हानि नोक्सानी पुर्‍याउने उद्देश्यले कसैले पनि कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा नगर्न, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुर्‍याउने बदनियतले कुनै कार्य गर्न वा गराउन हुँदैन ।

दफा १५. दण्ड सजायः (१) कसैले दफा ३ बमोजिमको कुनै कसूर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिम जरिवाना र तीन महिनासम्म कैद र दफा ११ बमोजिमको कुनै कसूर गरेमा बिगो भराई बिगो बमोजिमको जरिवाना हुनेछ ।

(२) कसैले दफा ५, ६, दफा ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (न), दफा ८, ९, १०, १२ वा १४ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसूरसँग सम्बन्धित देहाय बमोजिमको बिगो भएमा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र बिगो भराई बिगो बमोजिम जरिबाना हुनेछ :-

(क) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(ख) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(ग) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(घ) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(ङ) दश करोड रुपैयाँ भन्दा बढी पचास करोड रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(च) पचास करोड रूपैयाँभिन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए आठ वर्षदेखि दश वर्षसम्म कैद,

(छ) एक अर्ब रुपैयाँ भन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद,

(३) देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ७ को खण्ड (क), (ख), (ग) वा दफा १३ बमोजिमको कसूर गरेमा बिगो भराई बिगो बमोजिम जरिवाना र चार वर्षसम्म कैद हुनेछ ।

(ख) दफा १२क., १४क. वा १४ख. बमोजिमको कसूर गरेमा त्यस्तो कसूरसँग सम्बन्धित देहाय बमोजिमको बिगो भएमा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र बिगो भराई बिगो बमोजिम जरिवाना हुनेछ :-

(१) पचास लाख रुपैयाँसम्म बिगो भए एक वर्षदेखि तीन वर्षसम्म कैद,

(२) पचास लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद,

(३) पाँच करोड रुपैयाँदेखि पचास करोड रुपैयाँसम्म बिगो भए पाँच वर्षदेखि सात वर्षसम्म कैद,

(४) पचास करोड रुपैयाँभन्दा माथि जतिसुकै बिगो भए तापनि सात वर्षदेखि नौ वर्षसम्म कैद ।

दफा १५(८): दफा ३, ५, ६, ७, ८, ९, १०, ११, १२, १२क., १३, १४, १४क. र १४ख. बमोजिमको कसूर गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा यस ऐन बमोजिम हुने सजायमा थप एक वर्ष कैद हुनेछ ।

२२. माथि प्रकरणहरुमा उल्लिखित जुगल किशोर कुशवहाले दिएको जाहेरी दरखास्त, प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयान, सारिका झा समेतले गरिदिएको घटना विवरण कागज, अनुसन्धानको क्रममा संकलित मिसिल संगलग्न कर्णाली डेभलपमेण्ट बैंकबाट विभिन्न मितिमा प्राप्त पत्रहरु, बैंकको आन्तरिक तथा वाहाय लेखा परीक्षण प्रतिवेदन,नेपाल राष्ट्र बैंकबाट समय समयमा भएका स्थलगत निरीक्षण प्रतिवेदनहरुले देखाएका कैफियतहरु, रापती पोलिमर्स कम्पनी समेतका विभिन्न कम्पनीमा भएको कर्जा लगानी फायल, एवं उल्लिखित कर्णाली डेभलपमेण्ट बैंकको मिति २०८१।९।१० (समस्याग्रस्त घोषित भएको दिन) वित्तीय परिसूचकहरुको विवरण, मिति २०८२।३।२३ को निक्षेपको अवस्था, कर्णाली डेभलपमेण्टको बैंक लि. को मिति २०८१।११।०४ को पत्र मार्फत नगद कारोवार बारे खुलि आएको विवरण, प्रतिक ईन्डष्ट्रिज प्रा.लि. समेतका विभिन्न कम्पनीहरुलाई प्रवाह गरिएको कर्जा विवरण एवं देखिएका कैफियत विवरण, , विभिन्न आ.व. मा भएका लेखापरीक्षण प्रतिवेदनहरु, प्रतिवादी राजेन्द्र वीर राय सन्चालक भएको युनिभर्सल सोप एण्ड केमिकल्स प्रा.लि. समेतका विभिन्न कम्पनीहरुको विवरण र ती कम्पनीहरुमा लगानी भएको कर्जा रकम, कर्जा लगानीमा देखिएका कैफियतहरु, कम्पनीहरुको विभिन्न बैंकमा भएका कारोबार विवरण, प्रतिवादीहरुको विभिन्न बैंकमा भएको खाता र कारोवारको विवरण, हिमालय बैंक, प्रभू बैंक ,सानिमा विकास बैंक, सिध्दार्थ विकास बैंक समेतका विभिन्न बैंकबाट प्राप्त कारोवार विवरण, प्रतिवादी राजेन्द्र वीर राय र बेद प्रकाश सिंह ठकुरी समेतको हस्ताक्षर भएका विभिन्न मितिका कारोवार भएका विभिन्न चेकहरुको विवरण, मान वहादुर चौधरीले वारदातको क्रममा प्रयोग भएको ल्यापटप डिजिटल फरेन्सिक गर्दा संकलन भएका प्रमाणहरु, बैंकमा रकम जम्मा भएका भौचरहरु, रुपैया झिक्ने पुर्जी, कर्णाली डेभलपमेण्ट बैंक लि. मा रहेको IME LIFE INSURANCE COMPANY LTD को खतामा भएको कारोवार विवरण, मिति २०७१।३।१३ र २०७४।९।११, २०७३।९।१५, २०७४।३।२१ समेतका सन्चालक समितिको निर्णय, हकप्रद शेयरको सम्वन्धमा खोलिएको Call In advavce खाताको विवरण, Withdrawl slip, Deposit slip, Gold Loan विवरण, Balance certificate, Volt book विवरण, Advance Vouchars, प्रतिवादी बेद प्रकाश सिंह ठकुरीको पेन ड्राईभमा रहेको Exell file विवरण बैंकको अन्तरशाखा करोवार विवरण समेतका तत्काल प्राप्त प्रमाणहरुबाट(प्रत्येक प्रमाणको विश्लेषण अभियोग पत्रमा भएको देखिन्छ) प्रतिवादीहरुले पारस्परिक मिलेमतोमा आफुखुसि व्यक्तिगत प्रयोजनको लागि चेक काटी विभिन्न व्यक्ति मार्फत नगदै निकाल्ने गरेको तर संस्थाको प्रणालीमा सो रकम प्रविष्ट नगरेको, विभिन्न बैंकमा रहेको खाताको हिसाव मिलान भएको देखाउन बैंकको नक्कली हस्ताक्षर गरी नक्कली बैंक

ब्यालेन्स सर्टीफिकेट बनाउने गरेको, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थाले कायम गर्नु पर्ने अनिवार्य नगद अनुपात मौज्दात कायम राख्ने प्रयोजनको लागि खोलिएको खातामा अपर्याप्त मौज्दात राखी नियमानुसार राख्नु पर्ने अनिवार्य नगद अनुमापत मौजदात खातामा नरहेपनि खातामा कायम भएको भनी विवरण नेपाल राष्ट्र बैंकमा रिपोर्टीङ गर्ने गरेको, संस्थाको विभिन्न बैंकस्थित खाताबाट नगद झिकिएको तर बैंकिङ प्रणालीमा प्रविष्ट नगरी नगद रकम अन्यत्रै लगिएको, संस्थाले अन्य बैंकमा रहेको खातामा नगद जम्मा गर्न पठाएको तर सम्वन्धित बैंकमा जम्मा नगरेको, पदाधिकारी एवं कर्मचारीहरुको खातामा मौज्दात पर्याप्त नभएतापनि नगद काउण्टरबाट भुक्तानीपुर्जा र चेक मार्फत नगदै रकम लिने दिने गरेको, Vault बाट र Counter बाट नगदै रकम झिक्ने गरेको, कानून विपरित कर्जा परिचालन गरेको, नक्कली ऋणी तथा डमी ऋणी खडा गरी परियोजनामा ऋण लगानी गरेको, विभिन्न कम्पनीमा लगानी गरेको कर्जा आफैले प्रयोग गरेको, धितोको अधिक मुल्यांकन गरी कर्जा प्रवाह गरेको, हकप्रद शेयर खरिद गर्दा बैंकको नगद रकम खर्च गरी सोधभर्ना नगरेको लगायतका कानून विपरितका कार्यहरु गरी राजेन्द्र वीर राय, वेद प्रकाश सिंह ठकुरी र पशुपति दयाल मिश्रसमेतको प्रतिवादीहरू बैंकको रकम अपचलन गर्न गराउन संलग्न रहेको देखिन आयो ।

२३. अब: उल्लिखित तत्काल प्राप्त प्रमाणहरु, बैंकिङ कसूर तथा सजाय ऐन २०६४ बमोजिम प्रतिवादी उपर आरोपित गरिएको कसूर र उक्त कसूरमा हुन सक्ने सजाय, तथा प्रतिवादीले अपचलन गरेको भनी अभियोगपत्रमा उल्लेख भएको बिगो रकम समेतको सापेक्षतामा प्रतिबादी राजेन्द्र बीर रायको हकमा बिचार गर्दा, यी प्रतिवादी कर्णाली डेभलपमेण्ट बैंक लि. को सन्चालक समितिको अध्यक्षमा स्थापना कालदेखि २०६८।३।१९ सम्म र मिति २०७५।११।६ देखि २०८०।३।४ सम्म कार्यरत रहेको र मिति २०५९।१२।४ देखि २०६४।३।६ सम्म कार्यकारी अध्यक्ष समेतको भुमिकामा रही मिति २०६५।६।१४ देखि २०६८।३।१९ सम्म, मिति २०७०।१०।६ देखि २०७५।०९।१५ सम्म मिति २०६८।३।२० देखि २०६९।१०।२९ सम्म बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत रहेको देखिन्छ । प्रतिवादीले अनुसन्धानको बयान गर्दा कर्णाली डेभलपमेण्ट बैंकको रकम सह प्रतिवादीहरु वेद प्रकाश सिंह ठकुरी, पशुपति दयाल मिश्र समेत भई अपचलन गरेको भनी अभियोग दावी स्वीकार गरी बयान गरेको पाईन्छ । अदालत समक्ष पनि बैंकको रकम अपचलन गर्न संलग्न रहेकोमा स्वीकार गरी अभियोग दावी बमोजिमको पुरै रकम अपचलन नगरेको भनी अपचलन भएको रकमको बीगोको हकमा सम्म आंशिक स्वीकार गरेको पाईन्छ सह-प्रतिवादीहरू पशुपति दयाल मिश्र र वेद प्रकाश सिंहले पनि यी प्रतिवादी बैंकको रकम अपचलन गर्न

संलग्न रहेको भनी पोल सहितको बयान गरेको छन। तसर्थः प्रकरण २२ समेतमा उल्लिखित तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादीलाई अहिले नै कसूरदार होईनन भन्न सकिने अवस्था विद्यमान रहेको नदेखिदा एवं कसूरदार रहे भएको मुनासिब आधार समेत देखिदा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा माथी प्रकरणमा उल्लेख भएको कानूनी व्यवस्था, निजको पदीय हैसियत एवं जिम्मेबारी, निजको कसूरमा संलग्नताको मात्रा, निजले मौकामा र अदालतमा गरेको बयान, सह प्रतिवादीहरुले गरेको बयान, निज उपर लगाईएको अभियोग बमोजिम हुन सक्ने सजाय समेतलाई दृष्टिगत गर्दा पछि प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुने गरी प्रतिवादी राजेन्द्र बीर रायलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) तथा सोही दफाको उपदफा (२) को खण्ड(क) बमोजिम पुर्पक्षको लागि थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय बांकेमा पठाई नियमानुसार गर्नु ।

२४.प्रतिवादी वेद प्रकाश सिंह ठकुरीको हकमा विचार गर्दा, यी प्रतिवादीले अनुसन्धानको क्रममा अदालतमा कर्णाली डेभलपमेण्ट बैंकको रकम अपचलन गर्न गराउन संलग्न छैन भनी आरोप दावीको कसूर गरेमा ईन्कार रही बयान गरेको देखिएतापनि प्रतिवादी वेद प्रकाश सिंह ठकुरीले बैंकको Operation Incharge\Tallor पदमा मिति २०६६।६।१।देखि २०७५।६।१५ सम्म र लेखाको विभागीय प्रमुखको पदमा मिति २०७५।६।१६ देखी २०७९।२।१८ सम्म कार्यरत रहेको देखिन्छ भने बैंकको लेखा परीक्षण समितिको सदस्यको रुपमा आ.व. ०७०\०७१ देखि निरन्तर कार्यरत रहेको देखिन्छ। बैंकको नगद रकम निक्षेप गर्ने, अन्य बैंकहरुमा रकम जम्मा गर्ने, अन्य बैंकबाट रकम झिक्ने प्रयोजनको लागि चेकमा हस्ताक्षर गर्ने, भोल्टको साचो समेतको जिम्मेवारी लिने, अन्यत्र बैंकबाट र अन्तरशाखा बैंकबाट प्राप्त रकम बैंकमा सुरक्षित आम्दानी बाध्ने लगायतका महत्वपुर्ण जिम्मेवारी निजको रहेकोमा विवाद छैन। अनुसन्धानको क्रममा बयान गर्दा बैंकबाट गौमति गुरुङ र मोहन राम मिश्रको नाममा कर्जा लिई पशुपति दयाल र मैले प्रयोग गरेका हौ । महादेव ठकुरीको नाममा उल्लेख भएका रकमहरु मैले बैंकबाट नगदै लिएका रकम हुन ।मेरो लगानी भएको Grace and Gobal Trading Pvt Ltd. को खातामा निरज विक्रम शाहले रकम जम्मा गरिदिएका हुन भन्ने बेहोरा लेखाएकोमा अदालतमा बैंकको "क" बर्गका बैंकहरुमा रहेको खाताहरुबाट रकम निकाल्न चेकहरुमा मैले समेत हस्ताक्षर गरी पठाएको हो भन्ने बेहोराको बयान गरेको देखिन्छ । मिसिल सलग्न प्रतिवादी समेतले हस्ताक्षर गरेको चेकबाट हिमालयन बैंक लि., सिभिल बैंक लि., सानिमा बैंक लि. सिद्धार्थ बैंक लि. समेतबाट ठुलो रकम झिकिएको बैंक स्टेटमेण्टबाट खुल्न आएको देखिन्छ । अर्को

तर्फ सहप्रतिवादी राजेन्द्र वीर रायले मौकामा बयान गर्दा बैंकको चुक्ता पुजी बृद्धि गर्नको लागि भएको
कारोवार, बैंकको अन्य बैंकमा रहेको खातामा मौजदात भन्दा बढी रकम उल्लेख गरी बैंक लेजरमा
चढाउने र किर्ते बैंक व्यालेन्स सर्टीफिकेट बनाउने कार्यमा प्रतिवादी वेद प्रकाश सिंह ठकुरीको
संलग्नता रहेको छ भनी पोल गरेका र अदालतमा समेत बैंकको रकम अपचलन गर्ने प्रतिवादी
वेदप्रकाश सिह ठकुरी समेतको संलग्नता छ भनी बयान गरेको अवस्था छ भने अर्का सह प्रतिवादी
पशुपति दयाल मिश्रले पनि बैंकको रकम अपचलना यी प्रतिवादी समेतको संलग्ता छ भन्ने वेहोराको
बयान गरेका छन ।कर्णाली डेभलपमेण्ट बैंक लि. को कार्य सन्चालन निर्देशिका २०७६ (२०८०
मा संशोधित) मा उल्लेख भए बमोजिम बैंकको मौद्रिक कारोवार गर्दा अपनाउनु पर्ने प्रकृयाको पनि
पालन भएको अवस्था छैन ।

२५.तसर्थः प्रकरण २२ र २४ समेतमा उल्लिखित तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीलाई अहिले नै
कसूरदार होईनन भन्न सकिने अवस्था विद्यमान रहेको नदेखिएको र कसूरदार रहे भएको मनासिव
आधार समेत रहेको देखिदा प्रतिवादीको पदीय हैसियत एवं जिम्मेवारी, निजले गरेको कसूरको प्रकृती,
कसूरमा संलग्नताको मात्रा, निजलाई लगाईएको अभियोग, निजले अपचलन गरेको भनिएको विगो
रकम समेतलाई दृष्टीगत गर्दा पछि प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुने गरी यी प्रतिवादी वेद
प्रकाश सिंह ठकुरीलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ को उपदफा (१)
को खण्ड (ख) बमोजिम पुर्पक्षको लागि थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय बांकेमा
पठाई नियमानुसार गर्नु ।

२६.प्रतिवादी पशुपती दयाल मिश्रको हकमा विचार गर्दा मैले सन्चालक र अध्यक्षको लागि नेपाल राष्ट्र
बैंकले तोकेको काम कर्तव्य र अधिकार भित्र रही काम गरेको हुं । हकप्रद शेयरको नियमानुसार नै
रकम भुक्तानी गरेको हो । मेरो कार्यकालमा लगानी भएका सबै कर्जा चुक्ता भई सकेका छन ।
बैंकको रकम झिक्ने ,अन्यत्र बैंकमा रकम जम्मा गर्ने, अन्य बैंकबाट रकम झिकी बैंकमा रकम
जम्मा गर्ने, कर्जा प्रवाह गर्ने दायित्व प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापनको हो । मेरो नाममा
पेस भएको बीस लाखको भौचर नक्कली हो । मैले कसैको नाममा नक्कली कम्पनी खडा गरी कर्जा
अपचलन गरेको छैन भन्ने वेहोराको ईन्कारी बयान गरेको देखिएतापनि यी प्रतिवादी कर्णाली
डेभलपमेण्ट बैंक लि. को सन्चालक सदस्य पदमा बैंकको स्थापनाकाल देखि मिति २०६६।१।४
सम्म, मिति २०६६।४।२ देखि २०७०।१०।४ सम्म सञ्चालक समितिको सदस्य/अध्यक्ष पदमा
मिति २०७०।१०।५।देखि २०७५।११।५ सम्म बैंक सन्चालक समितिको अध्यक्ष पदमा रहेको

देखिन्छ । सह प्रतिबादी राजेन्द्र बीर रायले यी प्रतिवदीसमेत संग गोप्य सहमति भई बैंकको हकप्रद शेयरको कारोवार गर्दा बैंकको रकम अपचलन गरेको, बैंकले प्रवाह गरेको कर्जा मध्ये रु.१५,००,००,०००।–(पन्ध्र करोड) पशुपती दयाल मिश्रले अपचलन गरेको, नक्कली ऋणी खडा गरी कर्जा प्रवाह गरेको देखाई आफै रकम चलाउने गरेको भनी बयान गरेको देखिन्छ । अर्का प्रतिबादी वेद प्रकाश सिंह ठकुरीले पनि यी प्रतिवादी समेतले कर्जा अपचलन गरेको भनी बयान गरेको अवस्था छ । प्रतिवादीले हकप्रद शेयर बापतको रकम बैंकलाई चुक्ता गरेको भनी बयान गरेतापनि सो को निस्सा प्रमाण पेश गर्न सकेको छैन भने ऋणी मनोज प्रधानले कर्जा लिए पश्चात कर्जा लिएको जतिको रकम यी प्रतिबादीको खातामा जम्मा गरेको देखिएकोमा सो को प्रयोजन के हो ? खुलाउन सकेको अवस्था समेत देखिदैन ।

२७.सञ्चालक समितिको अध्यक्ष पदमा रही बैंकले समग्र बैंकिङ प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest),अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्वन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practice)समेटी बैंक सञ्चालन गर्नु पर्नेमा सो नगरी नगराई अपचलन गराएको, लेखा परीक्षण समितिमा रहेका पदाधिकारीहरुले बैंकको लेखा, बजेट तथा आन्तरिक लेखा परीक्षण कार्यविधी, आन्तरिक नियन्त्रण व्यवस्था उपयुक्त भए वा नभएको, सो को पालना भए वा नभएको अनुगमन तथा सुपरीवेक्षण नगरेको नगराएको, बैंकको लेखा र बही खाता प्रचलित कानून, राष्ट्र बैंकको नियमन तथा निर्देशन बमोजिम ठीकसँग तयार भए वा नभएको एकिन गर्ने काम नगरेको नगराएको, बैंकको व्यवस्थापन र संचालकको नियमित व्यवस्थापकीय तथा कार्यसम्पादनको परीक्षण नगरेको नगराएको, कर्णाली डेभलपमेण्ट बैंक प्रचलित ऐन, नियम, विनियम, नीति वा निर्देशन बमोजिम काम कारवाही भए वा नभएको अनुगमन नगरेको, संचालक समिति समक्ष सो सम्वन्धी प्रतिवेदन पेश गर्ने गरी आवश्यक व्यवस्था मिलाउन लेखापरीक्षण समितिलाई आवश्यक निर्देशन नदिएको, कर्जा प्रवाह पक्रिया नियमसम्मत नदेखिएको र खराव कर्जाको मात्रा बढ्दै गएको, बैंक जोखिमम पर्दै गएकोमा बैंकलाई जोखिमबाट बचाउन आवश्यक कदम चालेको नदेखिएको जोखिम व्यवस्थापन (Risk Management) समेत नगरी नगराई संस्थामा जोखिम व्यवस्थापन र नियन्त्रण प्रणालीलाई कमजोर बनाई संस्था प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा असल बैंकिङ अभ्यास (Prudent Banking Practices) प्रयोग गरी संस्थागत सुशासन कायम नगरी नगराई संस्थाकोसमग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीलाई कमजोर बनाएको अवस्था

देखिन्छ । यी प्रतिवादीले बैंक तथा वित्तीय व्यवस्था ऐन २०७३ को दफा २२ र २३ बमोजिमको कर्तव्य र दायित्व र जवाफदेहिता वहन गरी गराई बैंकको जोखिम व्यवसथापन गरी संस्थागत सुशासन कायम गराउन पनि सकेको देखिएन । सन्चालकको न्यासधारी कर्तव्यको सिद्धान्त (Principle of Fiduciary duty) लाई आत्मसाथ गरी असल नियतले कम्पनीको हितमा कार्य गर्नु पर्ने, स्वार्थ्य बाझिएमा त्यसको जानकारी गराई स्वार्थ्य बाझिने कार्यबाट अलग हुने, कम्पनीको आर्थिक कारोबारमा प्रत्यक्ष र परोक्ष रुपमा संलग्न हुन नहुने, कम्पनीलाई हानी नोक्सानी हुने कार्य गर्न नहुने, सन्चालक सामुहिक र व्यक्तिगत रुपमा जिम्मेवार हुनु पर्ने, न्यासधारी (Fudiciary) कर्तव्यबाट सन्चालकले उन्मुक्ती नपाउने जस्ता आधारभुत मुल्य र मान्यतालाई समेत प्रतिबादीले ध्यान दृष्टी नदिएको भन्ने देखिन्छ ।

२८. तसर्थः माथि प्रकरण २२ र २६ समेतमा उल्लिखित तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीलाई अहिले नै अभियोग दावीको कसूरका कसूरदार होईनन भन्ने मिल्ने अवस्था विद्यमान रहेको नदेखिएको र कसूरदार रहे भएको देखिने मनासिब आधार समेत रहेको देखिदा पछि प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुनेनै हुंदा प्रतिवादीको पदीय जिम्मेवारी, हैसियत, निजको कसूरमा सलग्नताको मात्रा, निजले अपचलन गरेको भनी दावी गरेको बीगो रकम समेतलाई दृष्टीगत गरी प्रतिवादी पशुपति दयाल मिश्रलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुर्पक्षको लागि थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय बाँकेमा पठाई नियमानुसार गर्नु ।

२९. अब प्रतिवादी भुवन बस्नेतको हकमा विचार गर्दा, निज प्रतिवादी नेपाल राष्ट्र बैंकको का.मु. उपनिर्देशकको हैसियतले कर्णाली डेभलपमेण्ट बैंक लि. को स्थलगत निरीक्षण अनतर्गतको अनुगमन निरीक्षण मिति २०७५।१।२७ देखि मिति २०७५।२।२ सम्म गरी निरीक्षण प्रतिवेदन दिएको देखिन्छ । निजको माछापुच्छ्रे बैंक लि.मा रहेको खातामा नगद रु. ९,९९,२५०।– जम्मा भएको र रु. ९०,०००।– को एक थान आईफोन प्रतिवादी राजेन्द्र वीर रायबाट उपहार स्वरुप लिएको भन्ने देखिन्छ । उक्त तथ्यलाई निजले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दा समेत स्वीकार गरेको देखिन्छ । निजको उक्त स्वीकारोक्ती एवं बैंकिङ कसुर तथा सजाय ऐन २०६४ को दफा १४ मा भएको कानूनी व्यस्था, अभियोग दावीको कसूरमा निजलाई हुन सक्ने सजाय समेतलाई दृष्टिगत गरी प्रतिवादीलाई अभियोग दावीको कसुरदार होईनन भन्न मिल्ने नदेखिदा पछी प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुने गरी प्रतिवादी भुवन सिंह बस्नेतलाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी

कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम रु. २,००,०००।– (दुई लाख रुपैंया) नगद वा सो बराबरको बैंक ग्यारेण्टी लिई दिए तारेखमा राख्नु, दिन नसके नियमानुसार थुनामा राख्न कारागार कार्यालय बाँकेमा पठाईदिनु ।माग बमोजिम धरौट जम्मा गरी तारेखमा छुट्ने भएमा अभियोगपत्रमा माग भए बमोजिम निजलाई सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान गर्नका लागि नियमानुसार जिल्ला प्रहरी कार्यालय बाँकेमा फिर्ता पठाइदिनू।

३०.प्रतिवादीहरु पशुपति दयाल मिश्र र राजेन्द्र विर रायको स्वास्थ्य अवस्थालाई दृष्टिगत गरी आवश्यक स्वास्थ्य उपचारको प्रवन्ध नियमानुसार गर्नु गराउनु भनी कारागार कार्यालयलाई लेखी पठाउनु ।

३१.अभियोग साथ पेस भएका दसीका सामान जिन्सीमा आम्दानी बाध्नू।

३२.अभियोग पत्रको विरुद्ध खण्डमा उल्लिखित अन्य फरार प्रतिवादीहरुको हकमा कानून बमोजिम म्याद जारी गरी नियमानुसार गर्नू ।

न्यायाधीश

न्यायाधीश

आदेश सुनी सही गर्ने प्रतिवादी:-

प्र. राजेन्द्र वीर राय

प्र. वेद प्रकाश सिंह ठकुरी

प्र. पशुपती दयाल मिश्र

प्र. भुवन बस्नेत

इति संवत् २०८२ श्रावण महिना २१ गते रोज ४ शुभम्------------------------------------।